# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सियारी गाउँपालिका
## रुपन्देही

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सियारी गाउँपालिका
## रुपन्देही

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सियारी गाउँपालिका

रुपन्देही

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं- २२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

सियारी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,

सियारी-३, हनैंया, रुपन्देही।

१. **कैफियत सहितको राय**- हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ६७ लाख ९५ हजार बेरुजू देखिएको छ ।सो सम्बन्धमा रु.५३ लाख ४७ हजार रकमको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.१ लाख ५४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड १३ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु.८५ लाख ३४ हजार र पेश्की बाँकी रु.१३ लाख ९३ हजार समेत रु.३ करोड १४ लाख ४८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.१० करोड १७ लाख १३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक

बेरुजू रु.१३ करोड ३१ लाख ६१ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली )

**नायब महालेखापरीक्षक**

सियारी गाँउपालिका,

रुपन्देही जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८३ | ६२ | ३६७९५ | ० | २२ | ५३४७ | ८३ | ४० | ३१४४८ | १५४ | ८५३४ | २१३६७ | ० | ० | २९९०१ | १३९३ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु.हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुपन्देही | १०१७१३ | ० | ० | १०१७१३ | ० | ३१४४८ | १३३१६१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | चालु वर्ष | ३२ | प्रमाण पेश भएको | ९५०४०० |
| २ | चालु वर्ष | ४१ | थप पाठ्यपुस्तक वितरण/ असुल भएको | ११२३६९ |
| ३ | चालु वर्ष | ४२ | गैर आवासिय छात्रवृति/ असुल भएको | १००४०० |
| ४ | चालु वर्ष | ४३ | बढी भुक्तानी/ असुल भएको | ४७३८ |
| ५ | चालु वर्ष | ६५ | पूर्वनिर्धारित क्षतिपूर्ति/ असुल भएको | १७०६८ |
| ६ | चालु वर्ष | ६९ | त्रिवेणी आ.ब भवन निर्माण/ प्रमाण पेश भएको | ४०५०००० |
| ७ | चालु वर्ष | ७१ | सामाजिक सुरक्षा/ प्रमाण पेश भएको | ८३६०० |
| ८ | चालु वर्ष | ८२ | बिजक पेश नभएको/ असुल भएको | २८३१४ |
| जम्मा | | | | ५३४६८८९ |
| गत विगत वर्षतर्फको | | | | ० |
| **कुल जम्मा** | | | | **५३४६८८९** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।२४ देखि २०८०।९।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय — व्ययतर्फ रु.९४७५८४२४९।- गरी जम्मा रु.९४,७५,८४,२४९।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४२०५३७९०।४६, लुम्विनि प्रदेशवाट हस्तानतरित कार्यक्रम ( भाषा तथा संस्कृति कार्यक्रम)को रु. ४३७०९४७।- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ३९९९२२७७।५६ समेत गरी रु. १८६४१७०१५।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.२ **फरक हिसाब** –यस पालिकालेसुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ६१४८९४२८८।५२, यस वर्षको प्राप्ति रु. २०९५३६११६।४८, यस वर्षको भुक्तानी रु. २१६८५८०८४।२२ र बैङ्क मौज्दात रु. १७१९६४७।७० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६१५७६९२२ | **८८६००७३२७.** | **९१०३१२४८१.** | ३७२७१७६८. |
| एकीकृत आर्थिक विवरणअनुसार | ५७८५३४८७.९२ | ६७६४७१२१०.५२ | ६९३४५४३९६.७८ | ३५५५२१२०.३ |
| फरक | ६१४८९४२८८.५२ | २०९५३६११६.४८ | २१६८५८०८४.२२ | १७१९६४७.७० |

सैद्धान्तिक बेरुजु

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५९३९१०१५।७२ मौज्दात रहेकोमा यो वर्ष रु. ६१५७६९२२।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २१८५९०६।२८ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२.४ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | हिसाब मिलान गरेको रकम | फरक |
|---|---|---|---|---|---|
| १ | संचित कोष | २२१९२६१३ | २२१९२६१३ | ० | ० |
| २ | विविध कोष खाता | २१४०४४५.३७ | २१९९२४७.३७ | | ५८८०२ |
| ३ | आकस्मिक कोष खाता | ० | ० | ० | ० |
| ४ | पूँजीगत खाता | ० | ८३२१७३२ | ८३२१७३२ | ० |
| ५ | धरौटी खाता | १२९३८३६६.८ | १३०६४४६१.८ | | १२६०९५ |
| ६ | चालू खाता | ० | २२११९३३८.५ | २२११९३३८.५ | ० |
| ७ | विपद व्यवस्थापन कोभिड | ३४२.७२ | ३४२.७२ | ० | ० |
| **जम्मा** | | **३७२७१७६८** | **६७८९७७३५** | **३०४४१०७१** | **१८४८९७** |

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दिगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे नगरेको

**सार्वजनिक खरिद व्यवस्थापनतर्फ**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।
• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको, • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको ।
• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको
• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको
• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको
तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**बेरुजु लगतः**

म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको
• म. ले. प. फाराम ८०१ — बेरुजु लगत
• म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन
• म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत
• म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
• म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

अनुसार ती म. ले. प. फाराम अद्यावधिक नरहेकोले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः
- म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको
- म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको
- म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको
- म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको
- म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,
- म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखे नराखेको
- म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेको

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण हुनु अघि फस्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणबाट औंलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण सम्म पनि फस्यौंट भएको पाइएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियत फस्यौंट गराइ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५ **बजेट तथा कार्यक्रम**

५.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेता पनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५.२ **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.३ **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.४ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०७९।०३।१० मा रु. ७२ करोड ४२ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.५ **लक्ष्य प्रगति** : कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.६ **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७९।८०को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| विवरण | रु.१लाख सम्म | रु.१ लाख देखि २ लाख सम्म | रु.२ लाख देखि ५लाख सम्मका | रु.५लाख देखि१० लाख सम्मका | रु.१०लाख भन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| योजना संख्या | १ | ३९ | ११५ | ५६ | ४८ | २५९ |
| जम्मा रकम | ९२१०० | ५२१४५७२.४ | ३५६२६०९५.७ | ३५६७३६०८.० | १३३०७४९५५.९ | २०९६८१३३२.० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५०हजार देखि १० लाख भन्दा बढीको जम्मा २५९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ५०३८४००० | ४३७४४६१६.११ | ६.६१ |
| सामाजिक विकास | ३२८६७९६०० | २९०८४६४४१.५ | ४३.९८ |
| पूर्वाधार विकास | २३४२११४०० | २००७६८८०९ | ३०.३६ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३७४९०००० | २८२६०१२७.१९ | ४.२७ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १०८८७५००० | ९७६९३४१३.८२ | १४.७७ |
| **जम्मा** | **७५९६४००००** | **६६१३१३४०८** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४३.९८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ४.२७ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

५.८ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.277284396।-पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा

उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक पूँजीगत खर्च विवरण उपलब्ध गराएको छैन र साथै उपलव्ध गराएको चौमासिक पूँजीगत विवरण अनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | | चौमासिक खर्च | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | असार महिना |
| १ | पूँजिगत खर्चतर्फ | २७७२८४ | १७७२९ | ५६५८७ | २०२९६७ | ८२६५० |
| | प्रतिशत | १००.० | ६.४ | २०.४ | ७३.२ | २९.८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२७७२८४०००।- निकासा भएकोमा प्रथम चौमासिकमा रु. १७७२९०००।- (६.४प्रतिशत), दोस्रो चौमासिकमा रु.५६५८७०००।-(२०.४प्रतिशत), तेस्रो चौमासिकमा रु. २०२९६७०००।- (७३.२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८२६५००००।- (२९.८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.३९४३९०६७।- राजस्व बाँडफाँड र अनुदानबाट रु.६२९०५१४१४।- समेत रु. ६६८४९०४८१।- आम्दानी भएकोमा चालु तर्फ रु. ३८४०२९०११।- र पूँजिगत तर्फ रु.२७७२८४३९६।- समेत रु. ६६१३१३४०७।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ७२८३०००।- खर्च भएको छ जुन आन्तरिक आयको १८.५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८ प्रतिशत चालु र ४२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **संगठन तथा कर्मचारी व्यवस्थापन**

८.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८.२ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ४ पदमा ३० जना कर्मचारीहरु कर्मचारीहरु करारमा राखि रु.१ करोड २५ लाख खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न २ पदमा १५ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२५५८४००।- भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २५,५८,४०० |

८.३ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले सूचकमा आधारित कार्यविधि बनाई यो वर्ष प्रोत्साहन भत्ता रु. २१३२०००।-, खाजा खर्च रु. २१८१०००।— , संचार खर्च रु. ३८४०००।— र आन्तरिक पर्यटन काज भत्ता रु.८१००००।- गरी खर्च गरेको जम्मा रकम रु. ५५०७०००।—आन्तरिक आय (रु.३९४३९०६७।-) को १४ प्रतिशत हुने भएको कारण आर्थिक व्ययभार बढ्न गएको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय समेतलाई ध्यानमा राखी यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८.४ **कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐन कानून बमोजिम कोष खडा गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

## ९ कानून निर्माण एवं कार्यान्वयन

९.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ ऐन, ११ नियमावली, ६१ कार्यविधि, ३ निर्देशिका र १ नर्म्स लगायत ९७ वटा कानुन निर्माण गरेको छ । तसर्थ उक्त कानूनहरु कार्यान्वयनमा पूर्ण कार्यान्वयनमा ल्याई आवश्यकताका अनुसार कानूनहरू निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.२ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २७ र यो बर्ष थप भएको १६१ गरी जम्मा १८८ विवादहरू मध्ये ९८ वटा मात्र फछ्र्यौट भई ९० बाँकी फछ्र्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १० कर दस्तुर एवं आन्तरिक आय

१०.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ४८४०००००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३५५२०१८६।- अर्थात अनुमान भन्दा २६ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१०.२ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४६७४४३९३० | ३९४३९०६६.७९ | ८.४४% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.४४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१०.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भुमिकर मालपोत | ७000000 | २३०५७१२ | ३२.९४ |
| घरजग्गा वहाल कर | २000000 | २२०६६९७ | ११०.३३ |
| व्यवसाय कर | १५000000 | ३६५३३८८ | २४.३६ |
| वहाल विरौटी शुल्क | १५00000 | ८९८५७५ | ५९.९१ |
| साना सवारी साधन कर | ३00000 | २२000 | ७.३३ |
| पूर्वाधार सेवाको उपभोगमा लाग्ने कर | ९५00000 | १४४९६०१० | १५२.५९ |
| परिक्षा दस्तुर | १00000 | १३५५00 | १३५.५० |
| सरकारङ्ख सम्पत्तिको वहाल पाट प्राप्त आय | १00000 | २५८000 | २५८ |
| नक्सा पास दस्तुर | ३000000 | ५०१००६ | १६.७० |
| सिफारिस दस्तुर | ६२00000 | ५७१९४५२ | ९२.२५ |
| व्यक्तिगत घटना दर्ता | ३00000 | ३८५३00 | १२८.४३ |
| नाता प्रमाणित दस्तुर | १00000 | १७७९२० | १७७.९२ |
| अन्य दस्तुर माटो समेत | १८00000 | ३३२०३७५६ | १८७.४७ |
| व्यवसाय रजिस्ट्रेसन दस्तुर | ११00000 | ३२३२५० | २९.३९ |
| प्रशासनिक दण्ड जरिवाना र जफत | ४00000 | १११७000 | २७९.२५ |
| जम्मा | ४८४00000 | ३५५२०१८६ | ७३.३९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१०.४ **स्थानीय तहरूको विभाज्य कोष** – प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.५ **राजश्व वाँडफाँड** - स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने देखिन्छ ।

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| दहत्तर बहत्तर शुल्क | ३३२०३७५६ | ४० | ० | १३२८१५०२ |

सैद्धान्तिक बेरुजु

१०.६ **सवारी कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष पालिकाले यस शीर्षकमा रु. २२०००।- कर संकलन गरेको पाइयो । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.७ **मनोरञ्जन कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.८ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३६५३३८८।- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११ **विनियोजनभन्दा वढी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ । तर यस पालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु. १२८१६०।- बढी खर्च गरेको छ । निर्धारित बजेटको सीमा नाघी खर्च भएको रकम नियमावलीको उक्त प्रावधान विपरित भएकोले अनियमित देखिएको रु.

| गो.भौ.नं.।मिति | कार्यक्रम | विनियोजित रकम | खर्च भएको रकम | बढी खर्च भएको रकम |
|---|---|---|---|---|
| १४०।२०७९।६।११ | महिला संस्कृति तिज कार्यक्रम | १००००० | १२९००० | २९००० |
| ६१०।२०७९।१०।१७ | जेष्ठ नागरिक सम्मान | २५०००० | ३००००० | ५०००० |
| ११८४।२०८०।३।१८ | महिला सिलाई कटाई तालिम (वडा नं ७) | १००००० | १४९१६० | ४९१६० |
| **जम्मा** | | | | **१२८१६०** |

| अनियमित भएको | १,२८,१६० |
|---|---|

१२ **पदाधिकारी सुविधा**

१२.१ **स्थानीय तहका पदाधिकारी सुविधा** :नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ८६०३०००।- सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २३ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १६००० | १६००० | ३६४००० | ९६००० | ८२८००० | १३२०००० |
| २ | यातायात खर्च | ० | ० | ८४७००० | ४३२००० | ८२८००० | २१००००० |
| ३ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २५२००० | २१६००० | ६९०००० | १२३६००० |
| ४ | पुस्तक,पत्रिका, | ४८००० | ४८००० | २५२००० | २१६००० | ५५२००० | १११६००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ईन्टरनेट | | | | | | |
| ५ | जनसम्पर्क/ विशेष कार्य सुविधा | १२००० ० | ९६००० | ५०४००० | ३६०००० | ८२८००० | १९०८००० |
| ६ | अतिथि सत्कार | ७२००० | ६०००० | ३३६००० | ० | ० | ४६८००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | | | | १२०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | ८४००० | ६०००० | १६१००० | ३३५००० |
| **जम्मा** | | | | | | | **८६०३०००** |

सैद्धान्तिक बेरुजु

१२.२ **स्वकीय सचिव र सल्लाहकार** – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर पालिकाले गाउँपालिका अध्यक्ष र उपाध्यक्षको प्रेस सल्लाहकार र कानुनी सल्लाहकारका रुपमा नियुक्त गरी भुक्तानी गरेको रकम रु. ४२००००।- अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,२०,००० |

१३ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश खर्च रकम मध्ये (क) तलब (स्वीकृत दरवन्दीको), (ख) महङ्गी भत्ता र स्थानीय भत्ता, (ग) सरुवा भ्रमण खर्च, (घ) घर भाडा, (ङ) पोशाक, खाद्यान्न, औषधि उपचार, विरामी र बन्दीको सिधा (च) सेवा निवृत्त सुविधा, र (छ) स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम खर्चको भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा बजेट सूचना प्रणालीमा प्रविष्ट गराई सम्बन्धित कार्यालयले भुक्तानी दिन सक्ने व्यवस्था रहेको छ । तर पालिकाले निम्नानुसारको शीर्षकबाट नियमावलीको उक्त प्रावधान विपरित नियमावलीले तोकेका भन्दा फरक प्रकृतिका गत वर्षमा भुक्तानी दिन बाँकी चालु खर्च रकमहरू चालु आर्थिक वर्षमा बजेट सूचना प्रणालीमा प्रविष्ट नगराई रु. ८४७८९७।- भुक्तानी गरेकोले नियमसम्मत नभएको रु.

| **सि.नं.** | **दायित्व सिर्जना भएको मिति** | **खर्च उपशीर्षक** | **व्यहोरा** | **रकम** |
|---|---|---|---|---|
| १ | २०७९।३।२३ | विविध | जेष्ठ र असार महिनाको खाजा खर्च | १४१३४ ५ |

| | | | | |
|---|---|---|---|---|
| २ | २०७९।३।२३ | इन्धन कार्यालय प्रयोजन | कर्मचारी तथा जनप्रतिनिधि इन्धन | ५८५१९१ |
| ३ | २०७९।३।२३ | इन्धन कार्यालय प्रयोजन | कर्मचारी तथा जनप्रतिनिधि इन्धन | १०८३६१ |
| ४ | २०७९।३।२३ | सुचना प्रकाशन | सिलिङ पंखा खरिद र जडान | १३००० |
| **जम्मा** | | | | **८४७८९७** |

| अनियमित भएको | ८,४७,८९७ |
|---|---|

## १४ सम्पत्ति हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## १५ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## १६ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध

गराएको विवरणअनुसार पालिका भित्र ३४ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ

सैद्धान्तिक बेरुजु

१७ **सवारी साधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान चार पांग्रे सवारी साधन खरिदमा रु. ३११८०००।- बजेटबाट खर्च गरेको छ ।

| **क्र.सं.** | **सवारी साधन** | **खरिद संख्या** | **मूल्य** | **प्रयोग गर्नेपदाधिकारी संस्था** |
|---|---|---|---|---|
| १ | जीप | १ | ३११८००० | नगर प्रहरी |

सैद्धान्तिक बेरुजु

१८ **अन्य कार्यालय खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धि व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ ।उक्त व्यवस्थाको पालना बेगर यो वर्ष छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको निम्नानुसारको कार्यालयको संचालन खर्च वापत रु. २३०८३६।- भुक्तानी गरी अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको छ । यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने देखिन्छ । यस्तो खर्च नियमित देखिदैन ।

| **गो.भौ.नं/मिति** | **विवरण** | **भुक्तानी** |
|---|---|---|
| ६९५।२०७९।११।११ | जिल्ला प्रशासन कार्यालयको सवारी मर्मत | २३०८३६ |
| **जम्मा** | | **२३०८३६** |

| अनियमित भएको | २,३०,८३६ |
|---|---|

१९ **आर्थिक सहायता र अन्य विविध खर्च**

१९.१ **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ९,००,०००।-आर्थिक सहायता वितरण गरेका छन् । आन्तरीक आम्दानी कम रहेको अवस्थामा यस्तो आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९.२ **महोत्सव तथा अन्य खर्च** – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.५,००,०००।- खर्च गरेको छ । आन्तरीक आम्दानी कम रहेको अवस्थामा यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९.३ **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.५४,००,०००।- खर्च गरेको छ । आन्तरीक आम्दानी कम रहेको अवस्थामा यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकवाट खर्च लेखि भुक्तानी गरेको देखिन्छ । यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेकोले अनियमित भएको रु.

| **गो.भौ.नं./मिति** | **खर्चको विवरण** | **हुनुपर्ने खर्च शिर्षक** | **भएको खर्च शिर्षक** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ९३४।२०८०।१।७ | अमवा खानेपानीको खानेपानी वितरणको रकम भुक्तानी | ८००० लि. निःशुल्क खानेपानी वितरण (२२५२२) | पानी तथा बिजुली (२२१११) | १०३३६० |
| ११७३।२०८०।३।१६ | अनलाइन सिफारिस सम्बन्धी सफ्टवेयर खरीद तथा जडान | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च (३११३२) | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च (२२४१२) | ६८९३०० |
| **जम्मा** | | | | **७९२६६०** |

| अनियमित भएको | ७,९२,६६० |
|---|---|

## २१ सेवा प्रवाह विवरण

२१.१ **सेवाप्रवाहको स्थिति** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार २२ वटा ऐन, ११ वटा नियमावली र ६१ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ११ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १००२ |
| मृत्युदर्ता | २७३ |
| **बसाईसराई दर्ता** | २०+१२ |
| **बसाइ सराइ आएको** | ३७२ |
| **बसाईसराई गएको** | १९८ |
| विवाह दर्ता | ४२९ |
| सम्बन्धविच्छेद दर्ता | २५ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ६२२१ मि. |
| कालोपत्रे सडक मर्मत | २७२ मि. |
| ग्राभेल सडक निर्माण | ११९०० मि. |
| ग्राभेल सडक मर्मत | ५००० मि. |

सैद्धान्तिक बेरुजु

२१.२ **फोहरमैला व्यवस्थापन** – फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२२ **सार्वजनिक परीक्षण**

**सार्वजनिक परीक्षण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा १ पटक सार्वजनिक परीक्षण गराई सो वापत रु. ३००,०००।— खर्च लेखेको तर सार्वजनिक सुनुवाई भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक सुनुवाई गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **वितरणमुखी खर्च**

पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रयोजनका आधारमा नगरपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पुँजी सिर्जना नहुने प्रकृतिका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरुत्साहित गर्न आवश्यक देखिन्छ। ऐनमा संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत देखिदैन। नमुना छनौटको आधारमा परीक्षण गर्दा यस पालिकाले बिभिन्न वितरणमूखी योजना कार्यान्वयन गरी खर्च गरेको छ।विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ।

| **गो.भौ. नं/ मिति** | **बजेट शीर्षक** | **योजना/ कार्यक्रम** | **रकम** |
|---|---|---|---|
| ३०।२०७९।५।२३ | गा.पा. चालु | तरकारी विउ मिनिकिट वितरण | ९९,९०० |
| ४२।२०७९।१०।२९ | लक्षित वर्ग - चालु | थारु माघी महोत्सव | ३००,००० |
| ६८।२०७९।६।२ | गा.पा. चालु | तिज कार्यक्रमको खर्च भुक्तानी | १००,००० |
| १४०।२०७९।६।११ | गा.पा. चालु | महिला संस्कृति तिज कार्यक्रम | १२९,००० |
| ३४१।२०७९।७।१७ | गा.पा. चालु | दुर्गा माताको मूर्ति स्थापनाको लागि प्रति व्यक्ति ५०००।-र मन्दिर स्थापनाको लागि प्रति व्यक्ति १००००।-वितरण | ३६९,८९० |
| ३६४।२०७९।७।२९ | गा.पा. चालु | लक्ष्मी पूजा र छठ पूजा खर्च | ८२,६०० |
| ३६५।२०७९।७।२९ | गा.पा. चालु | वडा नं ७ मा छठ पर्व कार्यक्रम | ४९,९०० |
| ३६७।२०७९।७।२९ | गा.पा. चालु | छठ पर्व कार्यक्रम | ५०,००० |
| ४१२।२०७९।८।२१ | गा.पा. चालु | छठ पर्व कार्यक्रम | ५०,००० |

| | | | |
|---|---|---|---|
| ४१३।२०७९।८।२१ | गा.पा. चालु | छठ पर्व कार्यक्रम | ३४,२०० |
| ६०५।२०७९।१०।१७ | गा.पा. चालु | रामजानकी सामुदायिक भवनमा कुर्सी र टेबल खरिद | ४०,००० |
| ६०६।२०७९।१०।१७ | गा.पा. चालु | प्रगति आमा समूहको लागि कुर्सी खरिद | १२,००० |
| ६०८।२०७९।१०।१७ | गा.पा. चालु | वडा नं ६ ब्लाङ्केट वितरण | १५०,००० |
| ६१०।२०७९।१०।१७ | गा.पा. चालु | वडा नं ५ ब्लाङ्केट वितरण | ३००,००० |
| ६२४।२०७९।१०।२४ | गा.पा. चालु | थारु कल्याणकारी सभालाई रक्तदान र माघी कार्यक्रम संचालन अनुदान | ५५,५५५ |
| ६५६।२०७९।१०।२९ | गा.पा. चालु | माघी महोत्सव खर्च | १५०,००० |
| ४६७।२०७९।९।४ | गा.पा. चालु | छठ पूजा खर्च | २५,००० |
| ४७६।२०७९।९।६ | गा.पा. चालु | छठ पूजा खर्च | २५,००० |
| ५१७।२०७९।९।१८ | गा.पा. चालु | ल्होसार पर्व खर्च | १५,००० |
| ८२१।२०७९।१२।६ | गा.पा. चालु | कृषकहरूलाई मोटर पम्प वितरण | १५०,००० |
| ८२४।२०७९।१२।७ | गा.पा. चालु | भू.पु.सैनिक भवनमा टायल लगाउने काम | १५०,००० |
| ८३५।२०७९।१२।१० | गा.पा. चालु | पब्लिक मा. वि. को स्वर्ण महोत्सव कार्यक्रम | ७००,००० |
| ८४७।२०७९।१२।१३ | गा.पा. चालु | नेपाल मगर संघलाई मगर स्थापना दिवस कार्यक्रम खर्च | १००,००० |
| ८४९।२०७९।१२।१४ | गा.पा. चालु | थारु कल्याणकारी सभालाई माघी महोत्सव सहयोग | ३५,००० |
| ८६०।२०७९।१२।१९ | गा.पा. चालु | नवउर्जनशिल मगर समूहलाई मगर दिवस मनाउन सहयोग | १५,००० |
| ९४०।२०८०।१।१० | गा.पा. चालु | खेलकुद सामाग्री वितरण | ९९,८९२ |
| ९६०।२०८०।१।१७ | गा.पा. चालु | भुम्का सामुदायिक भवन तारबार | १४९,९३७ |
| ९८७।२०८०।१।२७ | गा.पा. चालु | नारी दिवस कार्यक्रम | १००,००० |
| १०६१।२०८०।२।१४ | गा.पा. चालु | नमूना स्वास्थ्य आमा समूहलाई भाडाकुडा खरिद | ५०,००० |
| १२११।२०८०।३।२० | गा.पा. चालु | रेडक्रस सोसाइटीलाई फर्निचर खरीद | ३०,००० |
| २२।२०८०।७।३० | शिक्षा चालु | खेलकुद सामाग्री वितरण | ११३,९६० |

| | | | |
|---|---|---|---|
| ८४।२०८०।३।२२ | शिक्षा चालु | जंगहथ्या मा वि साइकल वितरण | १००,००० |
| २।२०७९।५।२४ | लक्षित वर्ग - चालु | तिज कार्यक्रमको खर्च भुक्तानी | ८८,३७५ |
| ३३।२०७९।८।२९ | लक्षित वर्ग - चालु | गोपाल सेवा समितिलाई भोजपुरी साँस्कृतिक कार्यक्रम वापत भुक्तानी | १००,००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **मूल्य कर समायोजन**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ अनुसार कार्यालयले निमार्ण व्यवसायी तथा फर्महरुको धरौटी फिर्ता गर्दा आन्तरीक राजश्व कार्यालयमा कर समायोजन गरेको आधारमा धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न व्यवसायीहरुको धरौटी फिर्ता गर्दा कर समायोजन पत्र विना रु. १४६१३१९।४९ फिर्ता गरेको छ । यसरी फिर्ता गरेकोमा सो रकमको कर समायोजन पत्र पेश हुनुपर्ने रकम रू.

| गो. भौ . नं / मिति | विवरण | फर्मको नाम | मूल्य |
|---|---|---|---|
| ६।२०७९।०५।२० | सडक कालोपत्रे<br>ठेक्का नं SRM 10/77/78 | विवेक कन्ट्रस्कसन | १३७३०५ |
| ९।२०७९।०६।११ | गत आ. ब को धरौटी फिर्ता | आशिष निर्माण सेवा प्रा. लि | ११५०१५२।४९ |
| १२।२०७९।०६।२७ | गापा बाउण्ड्री वाल निर्माण<br>SRM-11/77/78 | रिजाल कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा. लि | १७३८६२ |
| जम्मा | | | १४६१३१९।४९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,६१,३१९.४९ |

२५ **अनुगमन मुल्यांकन**

स्थानिय तह कार्य सञ्चालन निर्देशिकामा गाँउपालिका भित्र सञ्चालन भएका रु.५०००००।— भन्दा माथीका आयोजना तथा कार्यक्रमहरु उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी भुक्तानीको लागि सिफारीस गर्नु पर्ने व्यबस्था रहेको छ । गाँउपालिकाबाट भुक्तानी भएका विद्यालय भौतिक निर्माण,मोटरबाटो निर्माण, नमुना विद्यालय निर्माण,कृषि ,पशु अनुदान लगायत उपभोक्ता समुहबाट भए गरेका कामहरु के कस्तो अबस्थामा निर्माण सम्पन्न भएका छन सो को गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी भुक्तानीको लागि सिफारिस गर्नु पर्नेमा अधिकांश अनुगमन संयोजकको उपस्थितमा गरीएको र अनुगमन प्रतिवेदनमा कुनै पनि व्यहोरा उल्लेख नगरेको तथा कतिपय निर्माण कार्य सम्पन्न भएको भनिएता पनि अनुगमन प्रतिवेदनमा निर्माणको क्रममा रहेको भनि उल्लेख भएकोले अनुगमन केवल औपचारिकतामा मात्र सिमित रहेको पाईयो । कानुनमा भएको व्यबस्था अनुसार स्थलगत रुपमा अनुगमन गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाई यथार्थ र सार्थक रुपमा अनुगमन गरीनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **विपद् व्यवस्थापन**

२६.१ **विपद् व्यवस्थापन कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रू.६११२८५।- र यस वर्षको आम्दानी नभएकोमा रू. ६११६२७।- खर्च गरी बाँकी रु.३४२।- बाँकी देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेको र नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६.२ **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६.३ **समिति गठन**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि ४ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६.४ **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७ **सुत्केरी महिलालाई पोषण खर्च तथा शिशु स्वागत कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको तथा खर्चको बिल भरपाइको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले पोषण

खर्च तथा शिशु स्वागत झोला वितरण कार्यक्रम अन्तर्गत गो.भौ.नं. ५४-२०७९।१०।२१ मा रु.८१९०००।— र ९३।२०८०।३।१७ मा रु.६५००००।— गरी जम्मा रु.१४६९०००।-बराबरको खर्च गरेको पाइयो । उक्त शिशु स्वागत झोला सेट आर्थिक वर्षको अन्त्यमा आएर खरिद गरेको छ । खरिद गरिएका उक्त झोला सामाग्री रु.१५९९६०।-बराबरको ८३ सेट वितरण नभई असार मसान्तसम्ममा समेत कार्यालयको जिन्सी खातामा मौज्दातको रुपमा देखियो । तसर्थ यसरी बजेट सिद्धान्त विपरित आर्थिक वर्षको अन्त्यमा खरिद गरी मौज्दात राख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ र सोही आर्थिक वर्षमा वितरण खर्च लेख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा वृक्षारोपण, पाईपलाईन विस्तार तथा स्तररोन्नति, विद्यालय भवन संरचना व्यवस्थापन, सिचाई कुलो सरसफाई, विद्यालयको बगैचा निर्माण तथा पोखरी मर्मत, सेवा प्रवाह सहजिकरण लगायतका कार्यक्रम सञ्चालनको लागि रु ५२७५०००।-वजेट विनियोजन भएकोमा छनौट भएका रोजगार निवेदन २४९ जना मध्ये ५५ जनालाई ४१ दिन देखि १०० दिनसम्मको रोजगारी उपलव्ध गराई औसतमा ७० दिन कार्य भएको छ । पालिकाले यस बर्षको खर्च मध्ये श्रमिक ज्यालामा रु. २७४४२१२।- र प्रशासनिकमा रु. ४६७२३८५।- गरी रु.४०८६२७०।- खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् ।

२८.१ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२८.२ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको

संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यवन गरेको नपाईएकोले सुधारहुनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२९ **योजना अनुगमन भत्ता** (79-२०८०-३-२४):

लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । गाउँपालिकाबाट संचालित विभिन्न योजना अनुगमन गरेवापत पालिका अध्यक्ष, उपाध्यक्ष सहित ३२ जना पदाधिकारी तथा कर्मचारीले अनुगमन भत्तावापत रकम बुझेकोले सो अनियमित देखिएको रकम रू.

| | |
|---|---|
| अनियमित भएको | ५,९४,००० |

३० **सवारी साधन मर्मत**

लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयको नाममा रहेका सवारी साधन, मेशिनरी औजार, फर्निचर तथा अन्य निर्मित सम्पत्तिको मर्मत सम्बन्धी कार्य गर्दा PAMS मा स्वीकृत मर्मत आदेश अनुसार सम्बन्धित कर्मचारीले अनुमानित लागतमा आधारित मर्मत निवेदन तयार गर्ने र सवारी मर्मतको हकमा म.ले.प.फा.नं. अद्यावधिक गरेर मात्र पेश गर्ने र कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराउनुपर्ने व्यवस्था छ। तर यस नगरपालिकाले सो प्रक्रिया बेगर सवारी साधन, मेशिनरी औजार र फर्निचर मर्मत गराई सोझै बिल भरपाईका आधारमा मर्मत खर्च लेखेको पाइयो। मर्मत सम्भार गर्दा व्यवस्था भए बमोजिम PAMS मा मर्मत आदेश तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र मर्मत तथा भुक्तानी गर्नुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३१ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम भौतिक पूर्वाधार निर्माण अन्तर्गत जंगहत्था मा.बिको २कोठे भवन निर्माणको लागि रू.२२५००००/- र चिल्हिया मा.बि भवन निर्माणको रू.४८८८९५३।४४ को लागत अनुमान तयार गरी देहायबमोजिम भुक्तानी खर्च लेखेकोमा देखिएको व्यहोरा निम्न छन् ।

**कर कट्टीः**आयकर ऐन, २०५८ को दफा ८९ मा तोकिएको रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायको विद्यालयमा भवन निमार्ण वापत रू.६७५००००/- भुक्तानी गरेकोमा सामाजिक सुरक्षा कर रू.११८८४/- र अग्रिम आयकर रू.८८८३९।६५ समेत गरी रू.१००७२३।६५ करकट्टी नभएकोले सम्बन्धित विद्यालयबाट कर असुल गरि राजश्व दाखिला हुनुपर्ने रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,७२३.६५ |

३२ **प्रमाण पेश नभएको**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८१।०१।०९ को निर्णयबाट रु. ९५०,४००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

**३३ बैठक भत्ता**

कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अन्तर्गत बैठकको विषयवस्तु र सोको गम्भिरताको एकिन हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यक्तिहरू राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था रहेको छ । साथै लम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी मापदण्ड सम्बन्धी निर्देशिका २०७५ मा समेत कानून बमोजिम गठित समिति वा कार्यदलको बैठकका लागि मात्र भत्ता प्रदान गरिने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले निम्न भौचरबाट पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गर्दा निर्देशिकाले तोकेको भन्दा बढी आमन्त्रित राखी भुक्तानी गरेको, बैठकको विषयवस्तु र सोको गम्भिरताको एकिन नभएको पाइयो। यसरी निर्देशिकाको उक्त प्रावधान विपरित बढी सदस्य आमन्त्रित गरी भत्ता खर्च लेखेकोले यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

| **गो.भौ.नं./मिति** | **विवरण** | **समिति सदस्य** | **बैठक संख्या** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १०९।२०७९।६।७ | का.स.मू. बैठक भत्ता | ३ | ५ | २१००० | कानूनी व्यवस्था नरहेको |
| ४३७।२०७९।८।२७ | रोजगार सहायक पदपूर्ति समितिको बैठक | ३ | ७ | ४०००० | बढी आमन्त्रित |
| ४४६।२०७९।८।२८ | अमिन पद परीक्षा समितिको बैठक | ३ | ७ | ४०००० | बढी आमन्त्रित |
| ६५९।२०७९।११।२ | बोलपत्र मूल्यांकन समितिको बैठक | ५ | १५ | १५७००० | बढी आमन्त्रित |
| ५०८।२०७९।९।१४ | प्रथम चौमासिक समिक्षा बैठक (कर्मचारी बैठक) | - | - | ७८००० | कानून बमोजिम गठित समिति नभएको |
| ८४२।२०७९।१२।१२ | बोलपत्र मूल्यांकन समितिको बैठक | ५ | २० | १८६००० | बढी आमन्त्रित |
| १०९९।२०८०।२।८ | नदिजन्य पदार्थ समितिको बैठक | ७ | १२ | १३७००० | बढी आमन्त्रित |
| १२०३।२०८०।३।२० | वातावरण तथा विपद व्यवस्थापन समितिको बैठक | ४ | १ | १७००० | बढी आमन्त्रित |

| | | | | | |
|---|---|---|---|---|---|
| १२०३।२०८०।३।२० | राजश्व परामर्श समितिको बैठक | ६ | २ | ४५००० | बढी आमन्त्रित |
| १२०३।२०८०।३।२० | चौमासिक समिक्षा बैठक (कर्मचारी बैठक) | - | - | १९००० | कानून बमोजिम गठित समिति नभएको |
| १२२९।२०८०।३।२१ | आर्थिक विकास समितिको बैठक | ४ | १८ | १२८००० | बढी आमन्त्रित |
| **जम्मा** | | | | **८६८०००** | |

सैद्धान्तिक बेरुजु

३४ **पेस्की लिई कार्यक्रम सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ। यस नियमावली बमोजिम सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी कामकाजको निमित्त पेश्की लिनु पर्दा कुन कार्यको लागि के कति रकम चाहिने हो सोको अनुमानित लागत विवरण पेश गरेपछि कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकम भन्दा बढी नहुने गरी पेश्की दिनुपर्ने व्यवस्था उल्लेख छ। तर यस कार्यालयबाट कार्यक्रम संचालनको लागि पेश्की उपलव्ध गराउँदा अनुमानित लागत विवरण पेश नगरेको र अधिकांश कार्यक्रममा आवश्यकता भन्दा अधिक पेश्की दिने गरेको देखियो (७० प्रतिशतसम्म) यस्तो प्रवृत्तिले कार्यक्रमबाट अपेक्षित प्रतिफल प्रात हुने देखिदैन। अत: यस प्रकारको कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो.भौ. नं/ मिति | बजेट उपशीर्षक | विवरण | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|---|
| १७६।२०७९।६।१३ | गा.पा.चालु | दुर्गा पूजा विशेष कार्यक्रमको लागि पेश्की लिएको | पविन्द्र थापा | ३५०,००० |
| ४४५।२०७९।८।२८ | गा.पा.चालु | अवलोकन भ्रमणको लागि पेश्की लिएको | सरिता चौधरी | ३००,००० |
| ६२६।२०७९।१०।२४ | गा.पा.चालु | उद्घोषण तालिमको लागि पेश्की लिएको | चिरञ्जिवी अधिकारी | ५०,००० |
| ६२६।२०७९।१०।२४ | गा.पा.चालु | उपभोक्ता समितिलाई क्षमता अभिवृध्दि तालिमको लागि पेश्की लिएको | चिरञ्जिवी अधिकारी | ५०,००० |
| ६२६।२०७९।१०।२४ | गा.पा.चालु | महिला सेनेटरी प्याड निर्माण तालिमको लागि पेश्की लिएको | चिरञ्जिवी अधिकारी | ५०,००० |

| | | | | |
|---|---|---|---|---|
| ११५३।२०८०।३।७ | गा.पा.चालु | गाउँसभा संचालन खर्च वापतको पेश्की | सन्दिप पौडेल | ४००,००० |
| १३०८।२०८०।३।२४ | गा.पा.चालु | सार्वजनिक सुनुवाई कार्यक्रमको लागि पेश्की | कृष्ण प्रसाद पौडेल | ३००,००० |
| ६१।२०७९।११।२८ | स्वास्थ्य चालु | सुत्केरी महिला पोषण खर्च तथा शिशु स्वागत कोसेली कार्यक्रम पेश्की | ललिता पुन | २५०,००० |
| ७९।२०८०।२।१४ | स्वास्थ्य चालु | सुत्केरी महिला भेट कार्यक्रमको पेश्की | ललिता पुन | ४००,००० |
| ३४।२०७९।९।१२ | लक्षित वर्ग-चालु | ढाकाको कपडा बुन्ने तालिमको लागि पेश्की | नारी एकता महिला विकास तथा ऋण सहकारी संस्था लि. | ८५,००० |
| ३५।२०७९।९।२१ | लक्षित वर्ग-चालु | मयुर नाच तालिमको पेश्की | करुणा डेभेलपमेन्ट फाउन्डेसन | ५०,००० |
| ४३।२०७९।११।२२ | लक्षित वर्ग-चालु | नारी दिवस कार्यक्रम पेश्की | लक्ष्मी खत्री | ५०,००० |

सैद्धान्तिक बेरुजु

## ३५ उपभोक्तालाई खानेपानी महशुलमा अनुदान

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको तथा खर्चको बिल भरपाइको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। यस सियारी गाउँपालिकाले अमुवा खानेपानी र सौ फर्साटिकर खानेपानी उपभोक्ता समितिसँग सम्झौता गरी उपभोक्ताहरूको मासिक खानेपानी शुल्कको न्यनतम शुल्क वापतको रु.८०।-प्रति ग्राहक अनुदान रकम सो खानेपानी उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । खानेपानी उपभोक्ता समितिको निर्णय अनुसार ग्राहकले प्रत्येक महिनाको ७ गतेभित्र खानेपानी महशुल बुझाउनेलाई ५ प्रतिशत छुट दिने व्यवस्था गरेको भएता पनि पालिकाले सम्पूर्ण ग्राहकहरूलाई रु.८०।-को दरमा नै भुक्तानी गरेको पाइयो । उपभोक्ता समितिले भुक्तानीको वखतमा मागपत्र र लाभान्वित घरधुरीको विवरण पेश गरेको तर गाउँपालिकाद्वारा प्रदान गरिएको छुट रकम देखिने गरी काटिएको रसिदको प्रमाण पेश नभएकोले समितिले उपभोक्ताबाट उठाएको रकममा पालिकाबाट निर्धारण गरिएको छुट/सहुलियत रकम छुट भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ लाभान्वित घरधुरीको विवरणको वडा कार्यालयको सिफारिस र ग्राहकको नाममा जारी गरिएको छुट रकम सहितको विलभर्पाईको प्रमाण पेश हुनुपर्ने रु.

| **सि.नं.** | **मिति** | **भौ. नं.** | **विवरण** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|---|---|
| १ | २७/०६/२०७९ | १९० | निशुल्क खानेपानी वितरणको रकम भुक्तानी | अमुवा खानेपानी उ.स. | ९२३२० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २७/०६ /२०७९ | १९० | निशुल्क खानेपानी वितरणको रकम भुक्तानी | सौ फर्साटिकर उ.स. | १२० ०० |
| ३ | ३०/०६ /२०७९ | २०० | वडा ७र ६ को खानेपानी रकम अनुदान रकम भुक्तानी | अमुवा खानेपानी उ.स. | ४६६ ४० |
| ४ | ०७/०८ /२०७९ | ३८२ | सौ फर्साटिकर खानेपानी उ.संस्थालाई असोज र कार्तिक महिनाको शुल्क दिईएको | सौ फर्साटिकर उ.स. | १२१ ६० |
| ५ | ०८/०८ /२०७९ | ३८६ | ७ नं वडाको खानेपानी उपभोक्ताको कार्तिक महिनाको महशुल दिईएको | अमुवा खानेपानी उ.स. | ४६८ ८० |
| ६ | २०/०८ /२०७९ | ४०८ | प अमवा खानेपानी उपभोक्ताको कार्त्तिक महिनाको खानेपानीको रकम दिईएको | अमुवा खानेपानी उ.स. | ४७३ ६० |
| ७ | २१/०८ /२०७९ | ४१७ | ६ नं वडाका उपभोक्ताहरुको खानेपानीको मंसिर महिनाको अनुदान रकम | सौ फर्साटिकर उ.स. | ६०८ ० |
| ८ | २६/०९ /२०७९ | ५३६ | अमवा खानेपानीको मंसिर महिनाको भुक्तानी | अमुवा खानेपानी उ.स. | ४७६ ८० |
| ९ | ०३/१० /२०७९ | ५५५ | खानेपानीको रकम भुक्तानी | सौ फर्साटिकर उ.स. | ६२४ ० |
| १० | २२/१० /२०७९ | ६१९ | सौ फर्साटिकर खानेपानी उ.स लाई माघ महिनाको खानेपानीको महशुल दिईएको | सौ फर्साटिकर उ.स. | ६२४ ० |
| ११ | १७/११ /२०७९ | ७२५ | प अमवा खानेपानी उ स लाई असोज महिनाको भुक्तानी गरीएको | अमुवा खानेपानी उ.स. | ४८१ ६० |
| १२ | १७/११ /२०७९ | ७३३ | सौ फर्रसाटिकर खानेपानी उ स लाई फागुन महिनाको अनुदान रकम दिईएको | सौ फर्साटिकर उ.स. | ६४० ० |
| १३ | ०५/०१ /२०८० | ९०९ | फर्साटिकट खानेपानी उपभोक्ता समितीलाई वडा ६ को खानेपानीको रकम | सौ फर्साटिकर उ.स. | ६४८ ० |
| १४ | ०७/०१ /२०८० | ९३४ | अमवा खानेपानीको खानेपानी वितरणको रकम भुक्तानी | अमुवा खानेपानी उ.स. | १०३ ३६० |
| १५ | १५/०१ /२०८० | ९५७ | ६ नं वडाको बैशाख महिनाको खानेपानी उपयोग वापतको रकम दिईएको | सौ फर्साटिकर उ.स. | ६६४ ० |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | १४/०२ /२०८० | १०६ २ | सौ फर्पाटिकर खानेपानी संस्थालाई जेठ महिनाको खर्च रकम भुक्चानी गरीएको | सौ फर्साटिकर उ.स. | ६८० ० |
| १७ | २०८०/ ०२/३२ | १११ ७ | निशुल्क खानेपानीको रकम भुक्तानी | अमुवा खानेपानी उ.स. | १०८ ४०० |
| १८ | १३/०३ /२०८० | ११७ ० | निशुल्क खानेपानी वितरणको रकम भुक्तानी | सौ फर्साटिकर उ.स. | ६९६ ० |
| १९ | २०/०३ /२०८० | ११९ ९ | ७ नं वडाको खानेपानीको रकम दिईएको | अमुवा खानेपानी उ.स. | ५५४ ४० |
| **जम्मा** | | | | | **६७२ २४०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७२,२४० |

## ३६ रितपूर्बकको कर बिजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्कको कर वीजक बेगर देहायको परामर्शदाता बाट मु.अ.कर रु. ५५९००।- समेत रु. ४८५९००।- परामर्श सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| १११५।२०८०।२।३२ | अर्किड मल्टि सर्भिस कन्सल्टेन्सी एण्ड ट्रेनिङ इन्स्टिच्युड | ६०५७६५२१ | मिति केरमेट | ४८५९०० | ५५९०० |
| ५१।२०८०।१।६ | शिव कल्याण केन्द्र | ६१९०५५८४४ | मिति केरमेट | ३९७००० | ५२१८० |
| **जम्मा** | | | | | **१०८०८०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,०८० |

## ३७ शुभकामना सन्देश तथा क्यालेण्डर छपाई सहायता

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को प्रकरण ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने तथा सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था रहेको छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा कार्यालयले देहाय

बमोजिमका संघ संस्थाहरूलाई शुभकामना सन्देश, सन्देशमुलक सूचना तथा क्यालेण्डर छपाई वापतको रकम भुक्तानी गरेको छ । यसका केही उदाहरणहरू निम्नानुसार छन् ।

| गो.भौ.नं.।मिति | संस्थाको नाम | रकम |
|---|---|---|
| २२८।२०७९।७।१४ | खबरपात्रो मिडिया | ३३९०० |
| ५९१।२०७९।१०।१२ | कञ्चनजेसिस | १०००० |
| ४६९।२०७९।९।४ | समताटेलिभिजन नेटवर्क | १०००० |
| ४८५।२०७९।९।१२ | विश्वशान्ति साहित्य समाज | ५००० |
| ५०८।२०७९।९।१२ | समताटेलिभिजन नेटवर्क | १०००० |
| ८०७।२०७९।११।२९ | लुम्बिनीप्रेस क्लब | ७००० |
| ८५९।२०७९।१२।१९ | ठूलाखर्कसेवा समाज | १०००० |
| ९६३।२०८०।१।१७ | आवाजसम्प्रेषण | १०००० |
| ९९४।२०८०।१।२७ | अखिल नेपालकिसान महासंघ | १२००० |
| ९९४।२०८०।१।२७ | पोष्टनेपाल मिडिया | ६००० |
| १०९५।२०८०।२।२४ | विश्वशान्ति साहित्य समाज | ५००० |
| ११००।२०८०।२।२८ | रातो लालटिन | १७००० |
| ११४४।२०८०।३।६ | अग्निपरीक्षा | ५००० |
| ११४४।२०८०।३।६ | गुल्मीसिर्सेनी समाज रुपन्देही | ३००० |
| ११४४।२०८०।३।६ | घमिररुपन्देही सेवा समाज | ४००० |
| ११४४।२०८०।३।६ | नेपालस्वास्थ्य प्राविधिक संघ | ४००० |
| ११४४।२०८०।३।६ | पब्लिकमा.वि पूर्व विद्यार्थी समाज | ७००० |
| ११४५।२०८०।३।५ | नेपालपत्रकार महासंघ | ४००० |
| ११४५।२०८०।३।५ | प्रेससेन्टर नेपाल | ४००० |
| ११४५।२०८०।३।५ | रुपन्देहीनागरिक समाज सिद्धर्थनगर | ४००० |
| ११५०।२०८०।३।६ | गुल्मीचारपाला रुपन्देही सम्पर्क समाज | ३००० |

| | | |
|---|---|---|
| ११५०।२०८०।३।६ | सिर्जनशीलसाहित्यिक समाज (सिसास) भैरहवा | ४००० |
| १२९२।२०८०।३।२४ | रुपन्देहीबार एशोसिएसन | १५००० |
| १२९२।२०८०।३।२४ | जिल्लासहकारी संघ | ५००० |

यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **कार्यालय संचालन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा ऐन बमोजिम राखुपर्ने लेखा ठीकसंग नराखेको कारणबाट कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तिबाट असुल गर्ने व्यवस्था छ । धारा, पानी, टेलीफोन, विजुली जस्ता कार्यालय सञ्चालन खर्चहरु तोकिएको अवधिमा छुट समेत प्राप्त गर्न सक्ने अवधिमा भुक्तानी गर्नुपर्ने हुन्छ । लेखापरीक्षको क्रममा परीक्षण गर्दा विद्युत महशुल ढिला भुक्तानी गरी जरिवाना समेत भुक्तानी गरी कार्यालयको दायित्व थप गरेको देखियो । समयमा महशुल बुझाउन नसक्दा जरिवाना सहित भुक्तानी गरेकोले अनियमित भएको रु.

| क्र.सं. | **गो.भौ.नं । मिति** | **विवरण** | **विल रकम** | **जरिवाना रकम** |
|---|---|---|---|---|
| १ | ९२।२०७९।६।६ | छपिया हेल्थ पोष्टको जेष्ठ महिनाको विद्युत महशुल भुक्तानी | १५६२९ | ३९०७ |
| २ | ९२।२०७९।६।६ | छपिया हेल्थ पोष्टको असार महिनाको विद्युत महशुल भुक्तानी | ६२८८ | ३१४ |
| ३ | ९२।२०७९।६।६ | वडा कार्यालयको जेष्ठ महिनाको विद्युत महशुल भुक्तानी | ३०९६ | ७७४ |
| ४ | ९२।२०७९।६।६ | वडा कार्यालयको जेष्ठ महिनाको विद्युत महशुल भुक्तानी | ७३९२ | ३६६ |
| ५ | १६९।२०७९।६।१२ | अमुवा हेल्थ पोष्टको असार महिनाको विद्युत महशुल भुक्तानी | १४८९० | ३७२२ |
| ६ | १६९।२०७९।६।१२ | अमुवा हेल्थ पोष्टको श्रावण महिनाको विद्युत महशुल भुक्तानी | ५०४४ | २५२ |
| ७ | १६९।२०७९।६।१२ | असार महिनाको विद्युत महशुल भुक्तानी | २७९२८ | ६९८२ |
| ८ | १७२।२०७९।६।१३ | हर्नैया स्वास्थ्य चौकीको असार महिनाको विद्युत महशुल भुक्तानी | २८५८१ | ७१४५ |
| ९ | १७२।२०७९।६।१३ | हर्नैया स्वास्थ्य चौकीको श्रावण महिनाको विद्युत महशुल भुक्तानी | १५५६० | १५५६ |
| १० | ३६२।२०७९।७।२७ | छपिया हेल्थ पोष्टको श्रावण महिनाको विद्युत महशुल भुक्तानी | ६७४३ | १६८५ |

| | | | | |
|---|---|---|---|---|
| ११ | ३६२।२०७९।७।२७ | छपिया हेल्थ पोष्टको भाद्र महिनाको विद्युत महशुल भुक्तानी | ७२७२ | ७२७ |
| १२ | ५२५।२०७९।९।१९ | पालिकाको कार्तिक महिनाको विद्युत महशुल भुक्तानी | ४९८८३ | १२४७० |
| १३ | ५२५।२०७९।९।१९ | पालिकाको मंसिर महिनाको विद्युत महशुल भुक्तानी | २०८५७ | २०८५ |
| १४ | १२९७।२०८०।३।२४ | मैनहिया गाविसको कार्तिक महिनाको विद्युत महशुल भुक्तानी | १५५६५ | ३८७६ |
| १५ | १२९७।२०८०।३।२४ | मैनहिया गाविसको असोज महिनाको विद्युत महशुल भुक्तानी | ३६२८४ | ९०६६ |
| १६ | १२९७।२०८०।३।२४ | मैनहिया गाविसको कार्तिक महिनाको विद्युत महशुल भुक्तानी | २४४८० | ६१२० |
| | **जम्मा** | | | **६१०४७** |

| | |
|---|---|
| अनियमित भएको | ६१,०४७ |

## ३९ स्थानीय पाठ्यक्रम निर्माण, अभिमुखीकरण तथा छपाई

कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० बमोजिम स्थानीय तहले शैक्षिक सत्रको शरुमा नै पाठ्यपुस्तकको उपलब्धता र वितरणको सुनिश्चितता गर्नुपर्दछ । यस सियारी गाउँपालिकाले शैक्षिक सत्र २०८० मा लागू गर्ने उद्देश्यका साथ आथिक वर्ष २०७९।८० मा स्थानीय पाठ्यक्रम निर्माण अभिमुखीकरण तथा छपाई शीर्षकमा रु.४०००००।— विनियोजन गरी मिति २०८०।१।१९ मा नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्रसँग भएको सम्झौता बमोजिम पाठ्यक्रमको निर्माण, लेखन तथा सम्पादन वापत रु.३९९४५५।-भुक्तानी गरेको छ । स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखीकरण निर्देशिका बमोजिम स्थानीय पदाधिकारी, स्थानीय शिक्षक, प्र.अ., विषय विज्ञ लगायत अन्य सरोकारवालाहरुको समेतको संलग्नतामा स्थानीय पाठ्यक्रम विकास समिति तथा स्थानीय पाठ्यक्रम प्राविधिक कार्यदल गठन गर्नुपर्नेमा सो भएको पाइएन । यस वर्ष पाठ्यक्रमको मस्यौदा मात्र भई पाठ्यपुस्तक छपाई हुन नसकेकोले उद्देश्य अनुरुप कार्यक्रमले उपलब्धी हाँसिल गर्न सकेन । तसर्थ पालिकाले स्थानीय पाठ्यक्रम विकास प्रक्रियामा स्थानीय विज्ञ, अभिभावक, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समिति समेतलाई सहभागी गराई स्थानीय सहभागिता सुनिश्चित नभएको साथै शैक्षिक सत्रको शुरुमै पाठ्यपुस्तक छपाई गरी कार्यान्वयन गर्नुपर्नेमा लेखापरीक्षण अवधि सम्म छपाई गरेको छैन । यस सम्बन्धमा पालिकासंग छलफल गर्दा उक्त पाठ्यक्रम कक्षा १ देखि ८ सम्म २०८० श्रावण देखि नै कार्यान्वयनमा ल्याई सकिएको र पाठ्यक्रम छपाईको लागि आर्थिक बर्ष ०८०।८१ मा बजेट विनियोजन गरिएको भनाई रहेको पाईयो । पालिकाले समयमा पाठ्यक्रम छपाई गरी विद्यालयमा वितरण गरिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४० **क्याम्पसलाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा स्थानीय तहले आधारभुत र माध्यामिक विद्यालयको शिक्षा क्षेत्रमा कार्यहरु गर्न सक्ने उल्लेख छ ।तर पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिर देहाय बमोजिमका मितिमा क्याम्पसको नाममा अनुदान रकम निकासा दिएको छ । पालिकाले ऐनले तोकेको क्षेत्राधिकार भन्दा बाहिर खर्च गरेको तथा क्याम्पसको कार्यसंचालनको लागि निकासा दिएको रकम अनियमित देखिएको रु.

| गोभौनं।मिति | क्याम्पसको नाम | विवरण | रकम |
|---|---|---|---|
| १३३९।२०८०।३।३० | लिलाधर घिमिरे जनता क्याम्पस | वार्षिक उत्सव कार्यक्रम अनुदान | ५००००० |
| ८९।२०८०।३।३० | लिलाधर घिमिरे जनता क्याम्पस | प्राध्यापकहरूको तलव खर्च अनुदान | ६५०००० |
| **जम्मा** | | | **११५००००** |

| | |
|---|---|
| अनियमित भएको | ११,५०,००० |

४१ **थप पाठ्यपुस्तक वितरण**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. १,१२,३६९।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **गैर आवासीय छात्रवृत्ती**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. १,००,४००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **बढी भुक्तानी**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. ४,७३८।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४ **प्र.अ.भत्ता**

शिक्षकको तलब भत्ता सम्बन्धि तलब मान अनुसार प्रा वि तहको प्रधानाध्यापक भत्ता मासिक रु.३००।पाउने व्यबस्था रहेको छ । पालिकाले छपिया आधारभुत विद्यालय सियारी ४ का प्रा वि प्र अ विक्रम जयशवाललाइ रु.३६००।—भुक्तानी दिनु पर्नेमा रु.८१००।—भुक्तानी भएकोले रु.४५००।—बढी भुक्तानी भएको अशुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५०० |

४५ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **सि.न** | **विद्यालयको नाम** | **शिक्षक दरबन्दी प्राविनिमा मावि र उच्च मावि सबै** | **पदपुर्ति** | **पदपुर्ति मध्ये करार र राहत** | **जम्मा दरबन्दि मध्ये रिक्त** | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|---|---|
| १ | छपिया आवि | 8 | 8 | 4 | | 385 |
| २ | चिल्हिया मावि | 15 | 14 | 7 | १ उमा | 514 |
| ३ | मैनहिया मावि | 18 | 17 | 12 | १ मावि राहत गणित | 863 |
| ४ | वीरेन्द्र मावि | 12 | 12 | 3 | | 670 |
| ५ | जनता मावि | 19 | 19 | 2 | | 684 |
| ६ | जंगहत्था मावि | 5 | 5 | 1 | | 359 |
| ७ | गणसारी मावि | 7 | 7 | 2 | | 334 |
| ८ | पब्लिक मावि | 17 | 16 | 3 | १ प्रावि | 1937 |
| ९ | सिध्दार्थ मावि | 12 | 12 | 5 | | 483 |
| १० | जनज्योती आवि | 5 | 5 | 2 | | 192 |
| ११ | जनता आवि | 7 | 7 | 1 | | 180 |
| १२ | दुर्गादिवी मावि | 4 | 4 | 0 | | 578 |
| १३ | बालकल्याण प्रावि | 3 | 3 | 0 | | 117 |
| १४ | सिद्ध प्रावि | 4 | 4 | 1 | | 126 |
| १५ | समयमाइ मावि | 8 | 7 | 4 | १ प्रावि | 418 |
| १६ | रामजानकी प्रावि | 3 | 3 | 2 | | 87 |
| १७ | ज्ञानोदय प्रावि | 3 | 3 | 2 | | 209 |
| १८ | कोटही आवि | 7 | 7 | 7 | | 225 |
| १९ | नवदुर्गा प्रावि | 3 | 3 | 2 | | 149 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २० | जनज्योती प्रावि | 3 | 3 | 3 | | 99 |
| २१ | मदरसा प्रसौनी | 0 | 0 | 0 | | 152 |
| २२ | त्रिवेणी आवि | 5 | 5 | 5 | | 257 |
| २३ | बिवेकशिल आवि | 4 | 4 | 3 | | 262 |
| २४ | मदरसा वोहरवा | 0 | 0 | 0 | | 105 |
| २५ | आकाशरवी प्रावि | 2 | 2 | 1 | | 174 |
| २६ | मदरसा मैनहिया | 0 | 0 | 0 | | 69 |
| २७ | भगदरी प्रावि | 0 | 0 | 0 | | 152 |
| २८ | सरस्वती आवि | 2 | 2 | 0 | | 147 |
| | जम्मा | 176 | 172 | 72 | 4 | 9927 |

शिक्षक दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६ **उपभोक्ता समितिको सहभागिता नभएको** (११५-२०७९-११-१८):

सियारी गाउँपालिकाको आ.ब २०७९/८० को बार्षिक नीति तथा कार्यक्रममा उपभोक्ता समितिबाट संचालन हुने योजनामा उपभोक्ता समितिद्धारा हुने काममा जनश्रमदानको योगदान कम्तीमा १० प्रतिशत हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले पश्चिम अमवा पोलमा लाइट व्यवस्थापन शिर्षकबाट सडक वत्ती जडान गरेवापत रू.४८६०५९.२५ को लागत अनुमान तयार गरि लाइट व्यवस्थापन उपभोक्ता समितिलाई रू.४८५४२९/- भुक्तानी खर्च लेखेको छ ।सो कार्यक्रम संचालन गर्दा उपभोक्ता समितिको जनश्रमदान योगदान कम्तीमा १० प्रतिशतले हुने रू.४८६०५।९२ हुनुपर्ने देखिन्छ । मिति २०७९।११।१६ मा भुक्तानीको लागि तयार गरिएको टिप्पणीमा गाउँपालिकाले व्यहोर्ने रकम रू.४८५९००/- र उपभोक्ताको लागत सहभागिता रू.१५९/- मात्र देखिएकोले उपभोक्ताले व्यहोर्नुपर्ने बाँकी रकम ४८४४६।९२ असुल गर्नुपर्ने रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,४४६.९२ |

४७ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले रु. २,८१६,२३१।-मूल्य बराबरको विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको

व्यवस्था पालना नगरी प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिद गरेको देखिएको छ । यस सम्बन्धमा केही उदाहरणहरू देहाय बमोजिम छन् :

| भौचर नं/ मिति | बजेटशीर्षक | विवरण | फर्मकोनाम | भुक्तानीरकम |
|---|---|---|---|---|
| ५७०।२०७९।१०।९ | गा.पा.चालु | मसलन्द तथा कार्यालय सामाग्री खरिद | पार्गन इन्टरनेशनल ट्रेड सप्लायर्स | २३९३५६ |
| ४२८।२०७९।८।२५ | गा.पा.चालु | कार्यालयमा इन्टरनेट जडान (कोटेशन माग नगरी सोझै खरिद) | ब्रोड ब्राण्ड नेपाल प्रा लि | ४१९४६० |
| १०३२।२०८०।२।७ | गा.पा.चालु | मसलन्द तथा कार्यालय सामाग्री खरिद | न्यू बाबा प्रिन्टर्स एण्ड जनरल सप्लायर्स | ३८२७६४ |
| १०३२।२०८०।२।७ | गा.पा.चालु | मसलन्द तथा कार्यालय सामाग्री खरिद | जि.आर.प्रिन्टिङ एण्ड अफिस इक्युमेन्ट सप्लायर्स | १९०६७४ |
| ११४०।२०८०।३।४ | गा.पा.चालु | मसलन्द तथा कार्यालय सामाग्री खरिद | श्री कालिका कम्प्युटर्स | १२६००० |
| ११६४।२०८०।३।११ | गा.पा.चालु | मसलन्द तथा कार्यालय सामाग्री खरिद | जि.आर.प्रिन्टिङ एण्ड अफिस इक्युमेन्ट सप्लायर्स | २७६,९१७ |
| ११७७।२०८०।३।१७ | गा.पा.चालु | मसलन्द तथा कार्यालय सामाग्री खरिद | न्यू राजेश्वरप्रिन्टिङ प्रसे | ८४,१२८ |
| ११७७।२०८०।३।१७ | गा.पा.चालु | मसलन्द तथा कार्यालय सामाग्री खरिद | न्यूबाबा प्रिन्टर्स एण्ड जनरल सप्लायर्स | १६९,९०६ |
| १२१०।२०८०।३।२० | गा.पा.चालु | मसलन्द तथा कार्यालय सामाग्री खरिद | सिल्वरलाइन मल्टिप्रपोज | ९९,०१० |
| १२१२।२०८०।३।२० | गा.पा.चालु | मसलन्द तथा कार्यालय सामाग्री खरिद | सिल्वरलाइन मल्टिप्रपोज | ८९,३२५ |
| १२१२।२०८०।३।२० | गा.पा.चालु | मसलन्द तथा कार्यालय सामाग्री खरिद | जि.आर.प्रिन्टिङ एण्ड अफिस इक्युमेन्ट सप्लायर्स | १६९,८१६ |
| १२४०।२०८०।३।२१ | गा.पा.चालु | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ग्लोरियस टेक्नोलोजी प्रा.लि. | ९८८७५ |

| | | | | |
|---|---|---|---|---|
| १।२०७९।६।९ | गा.पा.पूंजी गत | मेशिनरी औजार खरिद | नेचुरल इलेक्ट्रोनिक्स प्रा.लि. | ४७०,००० |
| **जम्मा** | | | | **२,८१६,२३१** |

तसर्थ यसरी टुक्रा पारी खरिद गर्नुको साटो सिलबन्दी दरभाउपत्र आव्हान गरी वा बोलपत्रको माध्यमद्वारा खरिद गरी खरिद कार्यमा प्रतिस्पर्धा एवं मितव्ययिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले अनलाइन सिफारिस १ वटा सफ्टवेयर खरिद गरी रु. रु. ६,८९,३००।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | सितापुर लिफ्ट सिचाई डि पि आर योजना | मेगा सिभिल ईञ्जिनियरिङ्ग सलुसन एण्ड कन्सल्ट प्रा लि ३१०७५० | ३१०७५० | ३१०७५० | १८२९७९०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सियारी गा पा वडा नं ४ वडा कार्यलय भवन डि पि आर निर्माण | मेजर डिजाईन प्रा लि | २४८४ ९३ | २४५२ १० | २६८३३६६५.०७ |
| ३ | दयानगर छपिया लिफ्ट सिचाई योजना डि पि आर | वन डिग्रि कन्सल्टेन्ट प्रा लि | ३४७१ ७९ | ३२७७ ०० | ३०२०९७०० |
| ४ | सियारी गा पा अमवा वनघुसरी र छपिया कृषि हाटवजारको डि पि आर निर्माण | म्यापर्स हब ईन्जिनियरिङ्ग प्रा लि | ५००० ०० | ४८०८ १५ | २१६१९४००४ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सैद्धान्तिक बेरुजु

५१ **गैरसरकारी संस्थामार्फत कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । साथै, सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य मात्र गैर सरकारी संस्थाबाट गराउन सकिने व्यवस्था छ । तर कार्यालयको आफ्नै कर्मचारीबाट हुन सक्ने निम्न बमोजिमको काम गैर सहकारी संस्थाबाट गराएकोमा देहाय बमोजिमको कैफियत देखिन्छ ।

| **गो.भौ. नं/ मिति** | **बजेट उपशीर्षक** | **संस्थाको नाम** | **कामको व्यहोरा** | **रकम** |
|---|---|---|---|---|
| १०००।२०८०।१।२८ | गा.पा. चालु | विकास तथा प्रकोप व्यवस्थापन केन्द्र (CDM Nepal) | सामुदायिक उत्थानशिल कार्यक्रम संचालन | २४३,४५० |
| १०२५।२०८०।२।७ | गा.पा. चालु | शान्तिका लागि साझा अभियान (COCAP) | मानव अधिकार तथा लैंगिकतामा आधारि हिंसा विरुद्धको तालिम | १००,००० |
| १११५।२०८०।२।३२ | गा.पा. चालु | अर्किड मल्टि सर्भिस कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.लि. | आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि निर्माण | ४८५,९०० |
| १११६।२०८०।२।३२ | गा.पा. चालु | आरम्भ कन्सल्टिङ प्रा.लि. | दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय विकास र सेवा प्रवाह कार्यढाचा निर्माण | ४९१,५५० |

| | | | | |
|---|---|---|---|---|
| ११३८।२०८०।३।४ | गा.पा. चालु | शान्तीदिप महिला विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड | उद्घोषण तालिम वडा नं ४ | ५०,००० |
| ११८४।२०८०।३।१८ | गा.पा. चालु | स्किल्स होम प्रा.लि. | महिला सिलाइ कटाइ तालिम वडा नं ७ | १४९,१६० |
| ७३।२०८०।३।११ | शिक्षा चालु | नेपाल प्राज्ञिक अध्ययन प्रतिष्ठान | स्थानीय पाठ्यक्रम निर्माण | ३९९,४५५ |
| ५१।२०८०।१।६ | लक्षित वर्ग-चालु | शिव कल्याण केन्द्र | छोरी बुहारी कम्प्युटर तालिम | ३९७,००० |
| ५२।२०८०।१।७ | लक्षित वर्ग-चालु | नारी एकता महिला विकास तथा ऋण सहकारी संस्था लि. | ढाकाको कपडा बुन्ने तालिम | ३००,००० |
| **जम्मा** | | | | **२,६१६,५१५** |

सैद्धान्तिक बेरुजु

५२ **उपभोक्ता समितिबाट सम्पन्न हुने योजनाको पेश्की**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५)मा सार्वजनिक निकायले उपभोक्ता समितिलाई सम्झौता रकमको बढीमा एक तिहाई सम्म पेश्की दिन सक्ने व्यवस्था रहेको छ । कानूनमा सो व्यवस्था भएपनि उपभोक्ता समितिलाई पेश्की दिँदा कार्यसम्पादन जमानत नराखिने हुँदा पेश्की रकम नै जोखिममा पर्न सक्ने हुँदा सो पेश्की दिने व्यवस्थालाई निरुत्साहन गरिनुपर्दछ ।नमुना परीक्षण गर्दा उपभोक्ता समितिलाई पेश्की दिइएको केही उदाहरण निम्न छन् ।

| गो. भौ . नं / मिति | योजनाको नाम | सम्झौता रकम | पेश्की रकम |
|---|---|---|---|
| ७१।२०७९।१०।०५ | दयानगर खानेपानी तथा सरसफाई उ. स | ११२३६८८ | २३८७५० |
| ८२।२०७९।१०।१८ | ओर्लहवा सोभी कहारको घरदेखि जुठेको घरसम्म नाली तथा PCC ढलान | २६६३७०२ | ५९६८७५ |
| ९०।२०७९।१०।२५ | छाडा चौपाया नियन्त्रण व्यवस्थापन तथा गौशाला निर्माण उ. स | ३८८४४०३।७७ | ८६८८०० |
| १६३।२०७९।१२।०६ | बनघुसरी उत्तर सडक PCC वापत उ . स | १०६१६०५ | २३८७५० |

| | | | |
|---|---|---|---|
| १७७।२०७९।१२।०८ | रामजानकी विद्यालयदेखि ओमशान्ति जाने गणसरी जाने कुलोमा कल्भर्ट निर्माण उ. स | १०७१९१७ | २३८७५० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटि ल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्

| **सि. नं** | **उपभोक्ता समितिको नाम** | **लागत अनुमान रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | बलदेवा माताथान देखि दक्षिण पि सि सि उ.स | २२१२१७ | २००००० |
| २ | बोहरवा मेनरोड देखि राज कुमार यादवको घरसम्म पी.सि.सि ढलान उ.स | १०९०५४ | १००००० |
| ३ | सिसहनिया झरना खोलामा कल्भर्ट निर्माण उ.स | २६०३८६ | २५०००० |
| ४ | लक्ष्मण खरविन्दको घरदेखि मकुनगढाएको घर सम्म पि सि सि ढलान उ.स | २१९७६४.३ | २००००० |
| ५ | जंगहत्था टोलमा हरिभजन मुरावको घर देखि संजय थारुको घरसम्म अधुरो पि.सि.सि निर्माण उ.स | १०९२०० | १००००० |
| ६ | मनोहरापुर टोलमा नालि र पि.सि.सि. उ.स | ५३४३९४.९२ | ४९३७२९ |
| ७ | रामबेलासको घरदेखि हेल्थपोष्ट सम्म पि सि सि उ.स | ३३०६३६ | ३००००० |
| ८ | वोरिङटोल खानेपानी जाने बाटो उत्तरतर्फ पि.सि.सि. उ.स | २२५७६७ | १९६९०४ |
| ९ | बोहरवा ज्ञानोदय विधालय पछाडी कोदई यादवको घर सम्म पी.सि.सि.बाटो निर्माण उ.स | १६३६३५.६७ | १५०००० |
| १० | पश्चिम अमवा फाँटको उत्तर तर्फ बर्दहवा कुलोमा पक्की कुलो र कल्भर्ट निर्माण उ.स | २२५३६९ | २००००० |
| ११ | सेमरा दक्षिण टोल देखि स्कुल सम्म पि सि सि ढलान उ.स | ४४००१४ | ४००००० |
| १२ | अमारी नया बाटोमा कल्भर्ट निर्माण उ.स | ४३३१९९ | ४००००० |

| | | | |
|---|---|---|---|
| १३ | हनैया दक्षिण टोल पि सि सि निर्माण उ.स | ३२८०३७.२८ | २९४००० |
| १४ | प्रकाश ठाकुरको घरदेखी विधुत जाने भित्रि सडक पि.सि.सि.ढलान उ.स | २३१३४० | २००००० |
| १५ | लिग्जा कलेज छत ढलान उ.स | ४९७१०७.२४ | ४५०००० |
| १६ | बान्द्रहवा पश्चिम कल्भर्ट निर्माण उ.स | ३४१५८२ | ३००००० |
| १७ | च्याँगठा गाउँभित्र विभिन्न ठाउँमा नाली र पि सि सि उ.स | ३३४४२६.३१ | ३००००० |
| १८ | विष्णुपुरा शिवमन्दिर नजिक ह्यूम पाइप कल्भर्ट र सडक ग्रावेल उ.स | ३२८४९६.७५ | ३००००० |
| १९ | लक्ष्मीपुर अजय मिश्राको घर सम्म पि. सि. सि. उ.स | २१८६८६ | २००००० |
| २० | बैदौली डाडा सडक पि.सि.सि. उ.स | ५५०३७७.२८ | ४९९४६४ |
| २१ | मिलन टोल सडक पि.सि.सि. उ.स | ३२६७६९.४३ | २९९३३० |
| २२ | लक्ष्मीपुर शिव पुजन यादवको घर देखि हनैया मैनहिया जोड्ने मुख्य बाटोसम्म नाली सहित पि.सि.सि.ढलान उ.स | २७१८३७२ | २५००००० |
| २३ | राम जानकी विधालय देखि ओमशान्ति जाने गणसरी कुलोमा कल्भर्ट निर्माण उ.स | १०९६९१७ | १०००००० |
| २४ | धमसर गाउँमा सदावृक्षको घरदेखी कैथौलिया जोड्ने बाटो पि.सि.सि. उ.स | ५४३३२३ | ५००००० |
| २५ | छपिया चोक देखी नन्दलाल कुर्मीको घरसम्म पि.सि.सि.ढलान, पितम्बर पालको घर अगाडी ढलाई समेत उ.स | ५४४२५८.४७ | ५००००० |
| २६ | वडा कार्यालय देखि ठगे यादवको घरसम्म पि सि सि ढलान उ.स | ५३८०५२ | ५००००० |
| २७ | सिसहनिया गाउँमा पि.सि.सि.ढलान उ.स | ५४५६४३.५४ | ५००००० |
| २८ | शान्तिटोलमा शान्तिपथ देखी पूर्व मधुसुधन मरासिनीको घरदेखी सिसौनी जाने बाटोमा पि.सि.सि.ढलान, कल्भर्ट निर्माण उ.स | ५४४२८५.३४ | ३८१००० |
| २९ | ओर्लहवा सोभि कोहारको घर देखी जुठे हरिजनको घर सम्म दुबेतिर नाली सहितको बाटो पि.सि.सि.ढलान उ.स | २७२६२०२.४७ | २५००००० |

| | | | |
|---|---|---|---|
| ३० | करंगे टोलमा कल्भर्ट निर्माण वडा नं. ६ | ५४३९९८ | ४९८००० |
| ३१ | बनघुसरी उत्तर सडक पि सि सि उ.स | १०८६६०५ | ९९८२७० |
| ३२ | बैदौली डाडाँ सिसहनिया जाने सडकमा कल्भर्ट निर्माण उ.स | ६५२७३६.७४ | ५९८८४६ |
| ३३ | मैनहिया स्वास्थ्य चौकी जाने बाटो पि सि सि ढलान उ.स | २७४९४९ | २२८४०१ |
| ३४ | राजाराम पाण्डेको घरदेखि रीता थारुको घरसम्म पि सि सि ढलान उ.स | २१५६४३ | १६२६९१ |
| ३५ | जंगहत्थामा बोहरवा जाने बाटो देखि धनीराम थारुको घर हुदै कुलो सम्म पि.सि.सि बाटो निर्माण उ.स | २२२८०८.३७ | १८१४४२ |
| ३६ | भर्तापुर कनरी सडक कालोपत्रे/पि.सि.सि. उ.स | २१८३३७५.९४ | १६४१०४१ |
| **जम्मा** | | | **१८५२३११८** |

सैद्धान्तिक बेरुजु

**५४ प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**५५ कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन

। कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

सैद्धान्तिक बेरुजु

## ५६ ठेक्का व्यवस्थापन

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई ध्यान दिनु पर्ने एवं कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्न नहुने व्यवस्था रहेको छ । बिभागबाट चालु आ.ब.मा ठेक्का बन्दोबस्त गरेको बिबरण देहाय बमोजिम रहेको छः

| **विवरण** | **ठेक्का संख्या** | | | | | **कुल सम्झौता संख्या** |
|---|---|---|---|---|---|---|
| | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **असार महिना** | |
| ठेक्का तर्फ | ० | १ | ० | ६ | ० | ६ |
| उपभोक्ता समिति तर्फ | ७ | २६ | ८१ | ४८ | ० | १६२ |

सैद्धान्तिक बेरुजु

## ५७ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. ४६७९०००० ।- का ४ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५८ ठेक्का अभिलेख

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म.ले.प.फा.नं.५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको

काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

५९ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

६० **तिलोत्तमा सियारी शुद्दोधन पहुँचमार्ग सडक निर्माण**

सडक निर्माणको लागि पालिकाबाट बोलपत्र आब्हान गरी निर्माण व्यबसायी रिजाल कन्ष्ट्रक्शन एण्ड विल्डर्स प्रा लि अमुवा २सँग मिति २०८०।३।१५ भित्र निर्माण कार्य सक्ने गरी २०७९।९।२० मा रु.३८१६२४४५।४५ को सम्झौता गरी उक्त सडक निर्माणको लागि यस आर्थिक बर्ष सम्ममा चौथो रनिङ विल सम्म३५४२८३६९।८० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

६०.१ **म्याद थप** – शुरु तोकिएको मितिसम्पन्न हुन नसके पछि मिति २०८०। ६। ९ को निर्णयले उक्त ठेक्काको म्याद मिति २०८०।७।३० सम्म म्याद थप गरीएको भएता पनि लेखापरीक्षण अवधि सम्ममा पनि निर्माण कार्य सम्पन्न हुन बाँकी रहेको छ ।सार्वजनिक निकायको कारणले नभइ निर्माण व्यबसायीको कारणले निर्माण कार्य सम्पन्न हुन नसकि पालिकाबाट म्याद थप गर्दै जानु उपयुक्त देखिएकोले रु= २७३४०७५।६५ मुल्य बराबरको निर्माण सम्पन्न हुन बाँकी काम पूर्व निर्धारित क्षतिपूर्ति लगाइ सम्पन्न गर्नु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६०.२ **कार्य सम्पन्न प्रतिवेदन** –सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५ मा निर्मित कामको प्राविधिक नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले उक्त निर्माण व्यबसायीलाइ रिलोकेशन वापत विधुतको पोल हटाउन भनि प्रोभिजनल सम वापत रु ३८००००। भुक्तानी गरेकोमा नेपाल विधुत प्राधिकरणको च= नं= २३२ मिति २०८०।८।७ को पत्रानुसार उक्त विधुतको पोल सार्नको लागि ठेक्का लगाई सकिएको जानकारी पालिकालाई गराएकोले विधुतको पोल हटाएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु.

| प्रमाण पेश नगरेको | ३,८०,००० |
|---|---|

६१ **१५ शैया अस्पताल निर्माण**

गाँउपालिकाले वडा नं. ५ सियारिमा रु. २३३२७३९७८।३४ को डि.पि.आर. तयार गरी ५९५७.४३ बर्ग मिटर क्षेत्रफलमा २ तलाको १५ शैयाको अस्पताल निर्माणको लागि लागत अनुमान रु.२१८०५०२९५।४५ तयार गरीएकोमा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी काली गण्डकी रविना जेभिसँग मिति २०८१।७।७ भित्र निर्माण कार्य सक्ने गरी २०७९।३।८ मा रु.१८०१०७४८४।२२ को सम्झौता गरी यो आर्थिक बर्षमा प्रथम रनिङ विल वापत रु.३९३५२२७७।— भुक्तानी भएको छ । लेखापरीक्षण अवधि सम्ममा भौतिक प्रगती रहेको पाईयो । जनस्वास्थयसँग प्रत्यक्ष सरोकार राख्ने यस अस्पतालको निर्माण कार्यलाई तिव्रता दिई तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न पालिकाले तदारुकता देखाउनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

**६२ गाउँपालिका कनरी कालोपत्रे सडक निर्माण**

(ठे.नं. NCB/०१६/०७७/७८) पालिकाले गाउँपालिका कनरी कालोपत्रे सडक निर्माणको लागि लागत अनुमान रु.७९४०४६३।९० तयार गरि सवैभन्दा कम कवोल गर्ने विबेक कन्ष्ट्रक्शन बर्दघाटले कवोल गरेको रु. ५३०९४४४।— मुल्य अभिबृद्दि कर समेत मिति २०७९।३।१५ भित्र सम्पन्न गर्नेगरी २०७८।११।२५ मा सम्झौता भएकोमा आर्थिक बर्ष ०७९।८० सम्ममा रु.१७५७११८।- भुक्तानी भएको छ । अन्य व्यहोराहरु निम्नानुसार छन्:

६२.१ **म्याद थप**- उक्त निर्माण कार्यको म्याद मिति २०७९ असार १५ रहेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा निर्धारित समयमा काम सम्पन्न हुन नसकेकोमा निर्माण व्यबसायीले कारण खुलाई म्याद सकिनु कम्तिमा २१ दिन अगावै म्याद थपको लागि पालिकामा निवेदन दिनु पर्नेमा नदिएको र गाँउकार्यपालिकाबाट लेखापरीक्षण अवधि सम्म म्याद थप सम्बन्धि कुनै कारबाही भएको देखिएन ।म्याद थप समेत नगरेको अबस्थामा सडक निर्माण कार्य बाँकी रहेकोले उक्त सडक निर्माण कार्य अनिश्चित रहेको देखियो ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

६२.२ **निर्माण कार्य अलपत्र—** सार्वजनिक खरिद नियमावली २०६४ मा निर्माण व्यावसायीले सम्झौतामा उल्लेखित समयावधि भित्र निर्माण कार्य सक्नु पर्ने र सार्वजनिक निकायले पनि निर्माण कार्य सम्पन्न गर्नको लागि आवस्यक बजेट व्यबस्था गर्नु पर्ने व्यबस्था रहेको छ ।उक्त निर्माण व्याबसायीले आर्थिक बर्ष २०७८।७९ सम्म रु.१७५७११८।—मुल्य बराबरको मात्र निर्माण कार्य सम्पन्न गरेकोमा लेखापरीक्षण गरेको बर्ष ०७९।८० मा कुनै पनि निर्माण कार्य नभएको र रु.३५५२३२५।६९ मुल्य बराबरको सडक निर्माण कार्य बाँकी रहेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारीत क्षतिपूर्ति सहित बाँकी निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ३५,५२,३२५.६९ |

६२.३ **कार्य सम्पादन जमानत-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० बमोजिम राखिएको सिभिल बैंक लिमिटेडले जारी गरेको रु.१२५००००।— को जमानतको अवधि १४ जनवरी २०२४ सम्म रहेकोमा कार्य सम्पादन जमानतको रकम जफत गर्नु पर्ने व्यहोरा मस्यौदा प्रतिवेदनमा औंल्याए पश्चात पालिकाले उक्त रकम जफत गरेको छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

**६३ घर जग्गा स्थानान्तरण :**

सियारी गाउँपालिकाको जग्गा प्राप्ति कार्यविधि, २०७७ को नियम ९ बमोजिम जग्गा स्थान्तरण कार्यको लागि नापी कार्यालयको प्रतिनिधि, मालपोत कार्यालयको प्रतिनिधि सहित ९ सदस्यीय समितिले निर्णय गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको २०७९।१०।०६ को १२ औं सभाको निर्णय बमोजिम छपिया बजारमा घर टहरा स्थान्तरण कार्यको लागि निम्न बमोजिमको व्यक्तिहरुको नाममा रू.१००००००/- खर्च लेखेको छ । मिति २०८०।०१।३० बसेको समितिमा गठित बाह्य सदस्यहरुको उपस्थिती बेगर पालिकाले मात्र निर्णय गरेको आधारमा खर्च लेखेकोले कार्यविधिको प्रकिया पुरा नगरी खर्च गरेको रकम अनियमित देखिएको रकम रू.

| सि. नं | भुक्तानी पाउनेको नाम | घरको किसिम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ओम प्रसाद पाण्डे | पक्की घर | ५००००० |
| २ | अकलमती पासी | पक्की घर | ४५०००० |
| ३ | सराजय तेली | व्यापारीक प्रयोग गरेको छाप्रो खपडा | ५०००० |

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

६४ **CCTV जडानको कार्यसम्पन्न पेश नभएको** :

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यसम्पन्न भएपश्चात प्राविधिक मूल्याङ्कन सहित कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं १८०।२०७९।१२।०९ बाट वडा नं ४ मा CCTV र सडक बत्ती जडान गरेवापत २०००००/- खर्च लेखेको र गो.भौ.नं १९३।२०७९।१२।१२ बाट वडा नं ५ मा CCTV र सडक वत्ती जडान गरेवापत रू.६८७७९४/- खर्च लेखेको छ । सो कार्यको कार्यसम्पन्न प्रतिबेदन पेश नभएकोले कुन कुन स्थानमा CCTV र सडक वत्ती जडान गरियो एकिन हुन नसकिएकोले कार्य सम्पन्न प्रतिबेदन पश्चातमात्र विल भुक्तान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६५ **पूर्वनिर्धारित क्षतिपूर्ति** :

***........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८१।०१।०९ को निर्णयबाट रु. १७,०६८।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६६ **मैनाहिया मा.वि. प्राविधिक भवन निर्माण**

गाँउपालिकाले वडा नं. २ सियारिमा रु. १५८२८४१८।३३ को लागत अनुमान तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी जनक जननी कन्ष्ट्रक्शन प्रा.लि. नवलपरासीसँग मिति २०८०।३।१५ भित्र निर्माण कार्य सक्ने गरी २०७९।९।१८ मा रु.१०२०८६३१।३४ को सम्झौता गरी यो आर्थिक बर्षमा तेस्रो रनिङ विल सम्म रु.८३८५८०९।— भुक्तानी भएको छ ।यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन :

६६.१ **म्याद थप**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियमावली १२० क मा सम्झौता बमोजिमको अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकेमा म्याद सकिनु २१ दिन पहिले निर्माण व्यबसायीले म्याद थपको लागि निवेदन दिनु पर्ने व्यबस्था रहेकोमा निर्माण व्यावसायीले मिति २०८०।३।७ मा मात्र म्याद थपको लागि कार्यालयमा निवेदन पेश गरेको छ । पालिकाबाट हाल सम्म पनि म्याद थप सम्बन्धि कुनै कारबाही अगाडी बढाएको छैन ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

६६.२ **अधुरो निर्माण कार्य** – कुल सम्पन्न गर्नु पर्ने रु. १०२०८६३१।—मध्ये यस आर्थिक बर्ष सम्ममा रु.८३८५८०९।—को मात्र निर्माण कार्य सम्पन्न भएकोमा रु.१८२२८२२।—मुल्य बराबरको निर्माण कार्य सम्पन्न गर्न बाँकी नै रहेकोमा आर्थिक बर्ष ०८०।८१ मा उक्त विद्यालय निर्माणको लागि बजेट विनियोजन नभएकोले बाँकी काम सम्पन्न हुने अनिश्चित देखिन्छ ।तसर्थ बाँकी काम सम्पन्न गर्नको लागि बजेट ब्यबस्था गरी सम्पूर्ण कामको प्राविधिक मूल्यांकन सहितको कार्य सम्पन्न प्रतिबेदन पेश हुनु पर्ने देखिएको रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १,०२,०८,६३१ |

६७ **छपिया ओर्लहवा कचकचहवा पुल कालोपत्रे सडक निर्माण**
(ठे.नं. NCB/०७/०७७/७८) पालिकाले छपिया ओर्लहवा कचकचहवा पुल कालोपत्रे सडक निर्माणको लागि लागत अनुमान रु.७७८०५६३।६८ तयार गरि सर्वैभन्दा कम कवोल गर्ने नवीन कन्ष्ट्रक्शन बर्दघाटले कवोल गरेको रु. ५९००८००।७५ मुल्य अभिबृद्दि कर समेत मिति २०७८ बैशाख २९ भित्र सम्पन्न गर्नेगरी २०७७।१०।०९ मा सम्झौता भएकोमा उक्त अवधि सम्म रु. ३००३४८८।९४ भुक्तानी भएको छ । अन्य व्यहोराहरु निम्नानुसार छन्

६७.१ **म्याद थप**- उक्त निर्माण कार्यको म्याद मिति २०७८ बैशाख २९ रहेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा निर्धारित समयमा काम सम्पन्न हुन नसकेकोमा निर्माण व्यबसायीले कारण खुलाई म्याद सकिनु कम्तिमा २१ दिन अगावै म्याद थपको लागि पालिकामा निवेदन दिनु पर्नेमा नदिएको र गाँउकार्यपालिकाबाट लेखापरीक्षण अवधि सम्म म्याद थप सम्बन्धि कुनै कारबाही भएको देखिएन । तीन वटा चेनेज मध्ये एउटा चेनेजको काम सम्पन्न गरेको र चेनेज नं. ०+०४०० — ०+०७७८ को ३७८ मिटर र ०+०३३५ -०+०३६२१ को २७० मिटर रु.२८९७३११।८१ मुल्य बराबरको सडक निर्माण कार्य बाँकी रहेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारीत क्षतिपूर्ति सहित बाँकी निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

६७.२ **निर्माण कार्य अलपत्र** – सार्वजनिक खरिद नियमावली २०६४ मा निर्माण व्यावसायीले सम्झौतामा उल्लेखित समयावधि भित्र निर्माण कार्य सक्नु पर्ने र सार्वजनिक निकायले पनि निर्माण कार्य सम्पन्न गर्नको लागि आवस्यक बजेट व्यबस्था गर्नु पर्ने व्यबस्था रहेको छ । उक्त सडकमा रु.२८९७३११।८१ मुल्य बराबरको सडक निर्माण कार्य सम्पन्न गर्न बाँकी नै रहेकोमा आर्थिक बर्ष २०७९।८० मा उक्त सडक निर्माणको लागि पालिकाले बजेट विनियोजन गरेको भएता पनि यस आर्थिक बर्षमा कुनै पनि निर्माण कार्य भएको देखिएन । जसले गर्दा उक्त निर्माण कार्यमा हाल सम्म भएको निर्माण कार्य समेत अलपत्र अबस्थामा रहेको पाईयो ।उक्त निर्माण व्यबसायीले कार्य सम्पादन जमानत बापत राखेको जमानत रु. ११३३०००।—पालिकाले जफत गरी सकेकोले सम्झौता बमोजिम रु. ५९००८००।७५ को निर्माण कार्य सम्पन्न गरी रु. २८९७३११।८१ मुल्य बराबरको बाँकी निर्माण कार्य सम्पन्न गर्नको लागि सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,९७,३११.८१ |

६८ **सडक बत्ती जडानको कार्य सम्पन्न प्रतिबेदन :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएपश्चात प्राविधिक मूल्याङ्कन सहित कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट नेपाल विद्युत प्राधिकरण अमुवा वितरण केन्द्रलाई (६ महिनाको रकम अग्रिम धरौटी वापत) वडा नं ३,४,५,७ मा सडक वत्ती राख्नको लागि क्रमशः ११६०१५।६३, ३८९८१, ७०४४४।६९, २८३०७८ गरी कुल रकम रू.५०८५१९।३२ भुक्तानी भएको तर सो को बिल भरपाई सहितको कार्य सम्पन्न पेश नभएकोले सो को कार्य सम्पन्न पेश हुनुपर्ने रकम रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०८,५१९.३२ |

६९ **त्रिवेणी आ.बि भवन निर्माण :**

***✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८१।०१।०९ को निर्णयबाट रु. ४,०५०,०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७० **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राखु पर्नेमा राख्ने गरेको छैन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७१ **सामाजिक सुरक्षा**

***✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु. ८३,६००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७२ **नदीजन्य पदार्थको दर निर्धारण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४(च) मा ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, अभ्रख र दहत्तर वहत्तरमा प्राकृतिक श्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउपालिका वा नगरपालिकाले संकलन गर्ने व्यवस्था विद्यमान थियो तर नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७५ को ३४(३) ले उक्त दफा ६४ लाई खारेज गरेको छ। केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ दफा ६२(क) ले प्राकृतिक वस्तुको विक्री वितरण गाउँपालिका तथा नगरपालिकाले गर्न सक्ने र यसरी प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी कानूनी व्यवस्था भएको दर तोक्ने अधिकारलाई क्रमशः कानूनबाट खारेज गरी ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा विक्री व्यवस्थापन सम्बन्धी

मापदण्ड, २०७७ को प्रकरण ४(घ) मा गाउँसभा वा नगरसभाबाट स्वीकृत दरमा उत्खनन् र संकलनको अनुमति दिने र विक्रीको लागि ठेक्का व्यस्था मिलाउने काम गाउँपालिका वा नगरपालिकाको दायराभित्र राखेको देखिन्छ। यसरी सभाबाट दर तय गर्ने व्यवस्था भएकोमा तिनाउ नदी रको सम्बन्धमा २०७८।११।०९ गते कार्यापालिका बैठकको निर्णय नं १ मा नदीजन्य पदार्थको राजस्व प्रति घन फिट १६ निर्धारण गरेको पाइयो। कार्यपालिकाले सिफारिस गरी सभाबाट निर्णय गर्नुपर्न विषयमा आफैले क्षेत्राधिकार बाहिर गई दर निर्धारण गर्नु कानून सम्मत भएन। यसैगरी एउटै नदीमा विभिन्न स्थानीय तहको क्षत्राधिकार पर्ने तर नदीजन्य पदार्थको दर स्थानीय पालिकाबाट तोक्दा एक आपसमा समन्वय नभई फरक फरक दरमा राजस्व उठ्ने अवस्था देखिन्छ। यसले गर्दा कुनै स्थानीय तहको आधार ठूलो बन्ने र कुनैको करको आधारमा संकुचन हुने अवस्था हुने अवस्था देखिन्छ। यसरी नदीजन्य पदार्थबाट प्राप्त राजस्व बाँडफाँडको सिद्धान्त बमोजिम प्रदेश र स्थानीय तहको Ratio ४०:६० भएकोले दर तोक्ने कार्य प्रदेशले गर्ने कानूनी व्यवस्था भएमा एकरुपता कायम हुने र कुनै स्थानीय तहको ठेक्का लाग्ने र कुनैको नलाग्ने अवस्थाको समेत अन्त्य हुने देखिन्छ। जस्तैः- सियारी गाउँपालिकाले दानव नदीको विभिन्न घाटबाट प्रति घन फिट दर रु.१२ र तिनाउ नदि घाटबाट प्रति घन फिट रु.१६ तोकेकोमा पालिकाको मिति २०७९ पौष २९ गतेको १२ औं सभाको निर्णयबाट क्रमश दानव नदी र तिनाउ नदि घाटबाट निस्कने नदिजन्य पदार्थको प्रति घनफिट क्रमश रु. १० र १३ कायम गरिएको छ। तर अन्य पालिकाले नदिको घाटबाट नदीजन्य पदार्थको दर घटी/बढी तोक्दा एकले अर्कालाई असर पार्न सक्ने अवस्था विद्यमान देखिन्छ। यसको समाधानको उपाय प्रदेश सरकारले नदीको घाट अनुसारको मूल्य निर्धारण गर्नु वाञ्छनीय देखिन्छ।

सैद्धान्तिक बेरुजु

---

### ७३ प्राकृतिक श्रोत उत्खनन कार्ययोजना

लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्ने उल्लेख छ। कार्यालयले यस बर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु.३३२०३७५६। आय प्राप्त गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन। समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

### ७४ नदीजन्य पदार्थको संरक्षण

केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ दफा ६२(क) ले प्राकृतिक वस्तुको विक्री वितरण गाउँपालिका तथा नगरपालिकाले गर्न सक्ने र यसरी प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले देहायको नदिजन्य पदार्थको चोरी निकासी नियन्त्रण भनि विभिन्न घाटमा हेरालु राखि बार्षिक रु ३३३८९२८। भुक्तानी खर्च लेखेको छ । पालिकाले घाटको ठेक्का आब्हान गरी संकलन गरेको राजस्वको १० प्रतिशत रकम हेरालु वापत खर्च लेखेको छ । पालिकाले सबै घाटको ठेक्काद्वारा नदिजन्य पदार्थको राजस्व संकलन गरी आन्तरिक आय बृद्दि गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| क्र.सं. | मिति | | भौ. नं. | विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ०३/०९/२०७९ | | ४६३ | तिनाउ नदि बाट नदीजन्यलपदार्थ चोरी निकासी नियन्त्रणका लागी | ५६७६०० |
| २ | १३/०९/२०७९ | | ५०३ | मंसिर महिनाको खोल पहरे दारीको रकम भुक्तानी | ६१४८०० |
| ३ | १५/१०/२०७९ | | ६०० | नाकाहरुमा खटिएका हेरालुहरुको पारिश्रमिक दिईएको | ५७६७०० |
| ४ | १०/१२/२०७९ | | ८३१ | नाका निगरानिको रकम भुक्तानी गरिएको | ११४६७०० |
| ५ | २१/१२/२०७९ | | ८७६ | कचकचहवा घाट हेरालुको माग र फागुन महिनाको रकम भुक्तानी | ७०२०० |
| ६ | २१/०२/२०८० | | १०८३ | खेला हेराउको चैत्र महिनाको ज्याला भुक्तानी | १२९००० |
| ७ | २४/०२/२०८० | | १०९१ | खोला हेरालुको चैत्र महिनाको तलव भुक्तानी | १०७२८ |
| ८ | २१/०३/२०८० | | १२४५ | खेला हेरालुको रकम भुक्तानी | १६६८०० |
| ९ | २१/०३/२०८० | | १२४६ | खोला हेरालुको रकम भुक्तानी | ५६४०० |
| | **जम्मा** | | | | **३३३८९२८** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**७५ कृषि यान्त्रीकरण सहयोग कार्यक्रम** :

सियारी गाउँपालिकाको कृषि अनुदानमा संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ अनुसार सिँचाई मोटर र पम्पसेटमा अनुदानको लागि ५-१० जनाको व्यक्ति सहभागी हुनुपर्ने, खेती गर्ने जमिन कम्तीमा ५-१० विघा हुनुपर्ने उल्लेख छ । पालिकाले यान्त्रिक सहयोग कार्यक्रम अन्तर्गत कृषकको लागि सिँचाई मोटर ५० प्रतिशतमा वितरणको लागि ६१ जना कृषकको लागि रकम भुक्तान गरेकोले अनियमित देखिएको रकम रू.

| | |
|---|---|
| अनियमित भएको | ६,८०,३२९ |

**७६ गाउँ व्लक जग्गा नापजाँच** :

गाउँपालिकाको गा.पा अन्तर्गतको गाउँ व्लकका जग्गाहरु नापनक्सा गर्ने कार्यविधि, २०७९मा गा.पा का जग्गा नापनक्सा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले नापी कार्यालयका विभिन्न ७ जना कर्मचारीहरुलाई नाप नक्सा गर्ने कार्य गरेवापत दैनिक भ्रमण भत्ता वापत रू. १७०४००/- भुक्तानी खर्च लेखेकोमा सम्बन्धित कार्यालयबाट कर्मचारीलहरुले दैनिक भ्रमण भत्ता वापत भुक्तानी नभएको प्रमाण पेश हुनु पर्ने देखिएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७०,४०० |

७७ **पशु हाटबजार संचालन** :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न राख्नुपर्ने व्यवस्था छ । पालिकाले पशु हाटबजारका व्यापारीहरुको खर्च व्यवस्थापन सम्बन्धी कुनै निर्णय वेगर व्यापारीहरुलाई खाना खाजा खुवाएवापत च्याङ्ठा पशु हाटबजार संचालक समितिलाई रकम भुक्तानी भएकोले अनियमित देखिएको रकम रू.

| | |
|---|---|
| अनियमित भएको | ७०,५३० |

७८ **तरकारी मिनिकिट वितरण** :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न राख्नुपर्ने व्यवस्था छ । पालिकाले तरकारी बालीको निःशुल्क मिनिकिट (फर्सी, लौका, काँक्रा, करेला, सिमी सेट) बितरण कार्यक्रम अन्तर्गत ३५२१ थान मिनिकिट खरिद गरेबापत गुप्ता एग्रोभेटलाई रू. ४९९९८२/- भुक्तानी दिएको छ । सो मिनिकिट कृषकलाई बितरण गर्दा ३०८५ थानको मात्र वितरण भरपाई संलग्न भएकोले बाँकी ४३६ थान मिनिकिट वितरण गरी सो को भरपाई पेश गरिनुपर्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७९ **५० प्रतिशतमा अनुदानमा बीउ वितरण**

सियारी गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा विभिन्न २२ वटा सहकारी समुहलाई ५० प्रतिशत अनुदानमा रू.५९९६१६०/- रकम बराबरको गहुँको बीउ वितरण गरेको छ ।वितरणको लागि खरिद भएको बीउको उमार शक्ति प्रतिबेदन संलग्न नभएकोले पालिकाबाट गुणस्तरीय बीउ वितरण भए नभएको एकिन नभएको तथा बीउ वितरणको लागि कृषक छनौट गर्दा लिइएको आधार स्पष्ट नभएको, कुन वडामा कुन किसानको खेतीयोग्य जमिन के कती छ र सो मध्ये बीउ उपलब्ध गराउने बाली कति क्षेत्रफलमा लगाउने हो एकिन नभएकोले बीउ बितरण गर्दा बीउको गुणस्तर परीक्षण गराएर र कृषकको आवश्यक्ताको आधारमा मात्र बितरण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८० **कृषिमा अनुदानको अनुगमन**

पालिकाको कृषि अनुदानमा सञ्चालनमा हुने कार्यक्रम कार्यान्वयन कार्याविधि २०७४ बमोजिम सिँचाई मोटर, तरकारी बीउ, स्प्रेयर टंकी, माछा भुरा, चैते धान खेती, पावर ट्रिलर, बीउ बिजन लगायतमा कार्यविधिमा उल्लेखित प्रतिशतमा कृषकलाई अनुदान दिन सकिने व्यवस्था रहेको छ । पालिकाले आ.ब २०७९।८० मा निम्न बमोजिमको क्षेत्रमा कृषि अनुदान कार्यक्रम संचालन गरी देहाय बमोजिम रू. ७२१७५२३/- रकम भुक्तानी गरेको छ ।अनुदान प्रदान गरिएको क्षेत्रबाट प्राप्त प्रतिफलको उपलब्धी

सम्बन्धमा पालिकाबाट अनुगमन भए गरेको पाइएन । अतः अनुदान प्रदान गरेको क्षेत्रबाट प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ ।

| सि. नं | अनुदानको प्रकार | अनुदान पाउने | अनुदान प्रतिशत | कुल भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ई.च्याफकटर (प्रतिइकाई रू . १८०००) | ४७ | ५० प्रतिशत | ८४६००० |
| २ | दुध उत्पादन (११९१५३६ लि) | २२४५ | प्रतिलिटर रू. २।५ | २८४५७००.९५ |
| ३ | माछा उत्पादन (४६५११५.५१ के . जी) | ३७५ | प्रतिकेजी रू. ५ | २३२५५७८ |
| ४ | जै र वर्षिम घाँस | २६८ | ५० प्रतिशत | ३२११९९ |
| ५ | टियोसेन्टी घाँस | १२० | ५० प्रतिशत | १४९०४५ |
| ६ | बाच्छी हुर्काउने कार्यक्रम | ७३ बाच्छी | प्रति बाच्छी रू. १००० | ७३०००० |
| जम्मा | | | | ७२१७५२३ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८१ **सुरक्षित नागरिक आवास कार्यक्रम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरीत सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित टिनको छाना छाउने कार्य गर्न निर्वाचन क्षेत्र नम्बर ३ र ४ का वडामा ३०३ छनौंट भएका मध्ये विभिन्न २९२ जना व्यक्तिहरुसँग सम्झौता गरी २११ जनालाइ प्रथम किस्ता वापत रु- ६३३००००।— भुक्तानी गरेकोमा १६५ जना लाभग्राहीले मात्र दोस्रो किस्ता वापत रु-३३०००००।— भुक्तानी लगि निर्माण कार्य सम्पन्न गरेकोले ४६ जना लाभग्राहीले दोस्रो किस्ता वापतको रकम लिन नआएकोले प्रथम किस्ता वापत रु.१३८००००।— अनुदान उपलव्ध गराएकोमा प्रथम किस्ताको निर्माण कार्य नगरेको र दोस्रो किस्ता वापत भुक्तानी लिन नआएकोले बाँकी रहेको किस्ता भुक्तानी लगि प्राविधिकको कार्यमूल्याङ्कन सहितको कार्य सम्पन्न पेश हुनु पर्ने अन्यथा प्रथम किस्ता वापत भुक्तानी गरेको रकम अशुल हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,८०,००० |

८२ **विजक पेश नभएको**

गाँउपालिका र निर्माण व्यबसायी बीच भएको सम्झौता बमोजिम प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा छुट्टै विल भर्पाई पेश गर्नु पर्ने उल्लेख भएकोमा देहायका निर्माण व्यबसायीले निर्मित कामको र कर्मचारीको विमा कम्पनीसँग विमा गराएको प्रोभिजनल सम आईटमबाट विमा प्रिमियम ल्याब टेष्ट र रिलोकेशनको शुल्क वापत भुक्तानी गरेकोले विमाको कर विजक तथा ल्यावटेष्ट र रिलोकेशनको विल भर्पाई पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु.

| सि.नं. | निर्माण व्यबसायी | भुक्तानी आईटम | भुक्तानी रकम |
|---|---|---|---|
| ३ | आर ए चित्र कन्ष्ट्रक्शन सोनारेत देखि मधुवन सडक कालोपत्रे | ल्याब टेष्ट | १८२७७ |
| ४ | रिजाल इन्जिनियरिङ एण्ड विल्डर्स ठेक्का नं ०१।०७९।८० सिसहनिया देखि पब्लिक मा वि सडक कालोपत्रे | सुचना बोर्ड | ५००० |
| ५ | रिजाल कन्ष्ट्रक्शन ठेक्का नं ०२।०७९।८० पण्डितपुर देखि ओर्लहवा सडक | सुचना बोर्ड | ५००० |
| जम्मा | | | २८२७७ |

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८१।०१।०९ को निर्णयबाट रु. २८,३१४।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,२७७ |

८३ **वीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको, कम अवधिको विमा गराएको, विमांक रकम कम गराएको तथा तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण म्याद थप गरी निर्माण कार्य भइरहेको एवं कतिपय ठेक्काको निर्माण कार्य सम्पन्न भइ त्रुटी सच्याउने अवधि रहेकोले उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ एवं कम अविधको विमा गराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ त्रुटी सच्याउने अवधि सम्मको वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी | सम्झौता रकम | विमांक रकम | कैफियत |
|---|---|---|---|---|
| संस्कार इस्कुल देखि छपिया फिस भिलेज सडक (ठेक्का नं-०८।०७९।८०) | सनलाइट कन्ष्ट्रक्शन | ६१८९६१५।— | ७११८०५७ | कम अवधिको विमा गराएको |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८४ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.३०९०७१८।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. १३९२८४९।- फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| **भौ.नं.** | **मिति** | **कार्यक्रम** | **पेश्की लिनेको नाम** | **पेश्की रकम** | |
|---|---|---|---|---|---|
| | | | | **म्याद बाँकी** | **म्याद नाघेको** |
| १५१ | ११/०६/२०७९ | पानी तथा विजुली | युवराज भण्डारी | - | १००००० |
| ३४९ | २४/०७/२०७९ | पानी तथा बिजुली | विजय चौधरी | - | ३५००० |
| १३०८ | २४/०३/२०८० | सार्वजनिक सुनुवाई/परिक्षण | कृष्ण प्रसाद पौडेल | - | ३००००० |
| ३७८ | ०१/०४/२०७९ | गा.पा कनरी सडक कालोपत्रे | विवेक कन्स्ट्रक्सन | - | ३७१००० |
| २०० | १३/१२/२०७९ | विभिन्न योजनाहरुको डि.पि.आर निर्माण | सि ई जि नेशनल कन्सल्टेन्सी | | १९८९४१ |
| ३७८ | ०१/०४/२०७९ | धार्मिक संघ संस्था संरक्षण/ वडा नं ३ भैसाखादर रामजानकि मन्दिर पर्खाल निर्माण | भैसाखादर रामजानकी मन्दिर पर्खाल निर्माण उपभोक्ता समिति | - | ३००००० |
| १ | ०१/०४/२०७९ | पानि तथा बिजुली | प्रेम प्रसाद हरिजन | - | ८७९०८ |
| **जम्मा** | | | | - | **१३९२८४९** |

| | |
|---|---|
| पेश्की | १३,९२,८४९ |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिती

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: सियारी गाउँपालिका, रुपन्देही , सियारी गाउँपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रोमनाथ न्यौपाने | २०७८-१२-६ | २०८०-५-१७ |
| कार्यालय प्रमुख | ऋषिराम पन्थी | २०८०-५-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारायण प्रसाद पौडेल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३८८,२४५.५७ | ८,५३३,८५९ | २६,४७९,४१८.३१ | ० | ० | १,३९२,८४९ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३६,७९४,३७१.८८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ५,३४६,८८९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३१,४४७,४८२.८८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ६१५७६९२२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४४१७८११०७ | **चालु खर्च** | ३८४०२९०११ |
| **प्रदेश सरकारबाट अनुदान** | ३७६२८५३८ | **पूँजीगत खर्च** | २७७२८४३९६ |
| **राजश्व बाँडफाँट** | १४९६४१७६९ | **वित्तीय/अन्य व्यवस्था** | २४८९९०७४ |
| **आन्तरिक आय** | ३९४३९०६७ | | |
| **अन्य आय** | २१७५१६८४६ | | |

| | | | |
|---|---|---|---|
| **कुल आय** | ८८६००७३२७ | **कुल खर्च** | ९१०३१२४८१ |
| **बाँकी मौज्दात** | | ३७२७१७६८ | |